# प्राथमिक विद्‍यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको प्रभाकारिता

प्राथमिक विद्‍यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको प्रभाकारिता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह

द्वितीय वर्षको आंशिक आवश्यकता

परिपूर्तिका लागि तयार गरिएको

शोधपत्र

शोधकर्ता

अञ्जु कटुवाल

त्रि.वि. दर्ता नं. ९-२-२२२-२४-२००४

परीक्षा रोल नं. २२२००५३

अञ्जु कटुवाल

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय

वरुण बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

खाँदबारी, सङ्खुवासभा

२०७०

# प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको प्रभाकारिता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको प्रयोजनार्थ प्रस्तुत

शोध पत्र

शोधकर्ता

अञ्जु कटुवाल

त्रि.वि. दर्ता नं. ९-२-२२२-२४-२००४

परीक्षा रोल नं. २२२००५३

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

वरुण बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

खाँदवारी, संखुवासभा

२०७०

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालयलय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. दोस्रो वर्षका छात्रा अञ्जु कटुवालले प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्र स्तरीय कार्यक्रमको प्रभावकारिता शीर्षकको शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपूर्वक तयार गर्नुभएको यो शोध पत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.................................

शोध निर्देशक

उप-प्राध्यापक सन्तोषकुमार बराल

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

मिति : २०७०/०८/२५

# स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि अञ्ज कटुवालले प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्र स्तरीय कार्यक्रमका प्रभावकारिता शीर्षकमा गर्नु भएको शोध पत्र शोध मूल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | उप-प्राध्यापक सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | | वाह्य सुपरिवेक्षक | |

मिति : २०७०/०९/५

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्ने सिलसिलामा प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको प्रभावकारिता शीर्षकमा शोध पत्र प्रस्तावना स्वीकृत गरी यो शोध पत्र तयार गरिएको हो । यो अवसर प्रदान गरिदिएकोमा सर्वप्रथम वरुण बुहुमुखी क्याम्पस खाँदबारी प्रति अभार व्यक्त गर्न चाहन्छु ।

यो शोध पत्र तयार पार्न प्रस्तावना लेखन कार्य देखि शोध लेखन अध्ययनको क्रममा निकट रहि निरन्तर सल्लाह, सुझाव तथा मार्ग दर्शनका साथ उत्प्रेरणा दिई सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु एवम् शोध निर्देक सन्तोष कुमार बराल ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु साथै आवश्यक सामग्री उपलब्ध गराई शोधपत्र लेखनको अवसर प्रदान गरी उपयुक्त वातावरण मिलाई दिनु हुने क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग तथा क्याम्पस परिवार प्रति आभार प्रकट गर्न चाहन्छु ।

यस अध्ययन अनुसन्धानको क्रममा तथ्याङ्क संकलन कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने जि.शि.का संखुवासभा र अध्ययनका लागि छानिएका सम्पूर्ण विद्यालयका प्र.अ. ज्यूहरु, स्रोतव्यक्तिहरु, शिक्षकहरु एवं विद्यार्थी भाइवहिनीहरु लाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा आफ्नो कार्य व्यस्तताका वावजुद कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनुहुने हाम्रो प्रिन्टर्स (अफसेट प्रेस) का विजयराज शाक्यलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

# शोधसार

*विद्यालयहरुमा शिक्षण सिकाईलाई प्रभावकारी बनाउनको निम्ति शिक्षकहरुको नियुक्ति भएर मात्र पुग्दैन । यसको अलवा निरीक्षण, सुपरीवेक्षण, रेखदेख एवं विद्यालयहरुलाई सहयोग हुनुपर्दछ । यस कार्यको निम्ति नेपाल सरकारले विद्यालय निरीक्षणको सुरुवात परापूर्वकाल देखि नै गरेको हो । विद्यालय निरीक्षण, कक्षा अवलोकन, अतिरिक्त क्रियाकलाप सञ्चालन, प्र.अ.बैठक आदि जस्ता कार्यहरु स्रोतव्यक्तिले प्रभावकारी रुपमा सञ्चालन गर्न सकेको खण्डमा मात्र विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि हुन्छ भन्ने कुरालाई मनन गर्दै यस शोधमा प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको योगदानको वारेमा अध्ययन गर्ने जमर्को गरिएको छ ।*

*पाठ्यक्रमले निर्धारण गरे अनुसार यस शोधपत्रलाई पाँच भागमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा परिचय, दोस्रो परिच्छेदमा सम्बवन्धित साहित्यको पुनरावलोकन, तेस्रो परिच्छेदमा अध्ययन ढाँचा, चौथो परिच्छेदमा तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण र पाँचौं परिच्छेदमा प्राप्ति निष्कर्ष सुझावहरु राखिएको छ । यस अध्ययनमा स्रोतकेन्द्रवाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता, स्रोतकेन्द्रस्तरीय कार्यक्रम कार्यन्वयन गर्दा देखिएका समस्याहरु एवं कार्यक्रमहरुलाई प्रभावकारी वनाउने उपायहरु पत्ता लगाउने उद्देश्य राखिएको छ । यो शोध तयार गर्ने क्रममा अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्तको प्रयोग गरिनुका साथै नमुना छनौटको रुपमा छयासमिसे नमुना छनौट विधिको उपयोग गरिएको छ ।*

*यस शोधमा राखिएका उद्देश्यहरु पुरागरी निचोड निकाल्नका लागि संखुवासभा जिललाका ३ वटा स्रोतकेन्द्रहरु उक्त स्रोतकेन्द्रका स्रोतव्यक्ति, उक्त स्रोतकेन्द्रभित्र का १२ वटा विद्यालय, ६ जना प्र.अ., १२ जना शिक्षक एवं २४ जना विद्यार्थीहरुलाई नमुनाको रुपमा छनौट गरिएको छ । अध्ययनलाई पुरा गर्नका लागि आवश्यक सूचना एवं तथ्याङ्कहरुको संकलन गर्नेक्रममा प्रत्यक्ष स्रोतकेन्द्र र विद्यालयहरु अवलोकन, स्रोतव्यक्ति, प्र.अ., शिक्षक एवं विद्यार्थीहरसँग अन्तरवार्ता प्रश्नावली, समूह छलफल, अवलोकन फारम आदिको माध्यमवाट स्थलगत सर्वेक्षण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत शोध तयार गर्ने क्रममा विभिन्न*

लेख, रचना, पुस्तक एवं सन्दर्भ सामग्रीहरुको दर्जनौ अध्ययन गरिनुका साथै परिच्छेद २ अन्तरगतको सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा स्रोतकेन्द्रसँग प्रत्यक्ष सन्दर्भ जोडिएका ५ वटा सामग्रीहरुको विश्लेषण गरिएको छ । यसै गरी प्राप्त भएका तथ्याङ्कहरु मध्ये परिमाणात्मक लाई तालिका तथा चार्टमा र गुणात्मक लाई व्याख्यात्मक रुपमा विश्लेषण गरिएको छ ।

अध्ययनको परिणाम अनुसार सबै जसो स्रोतकेन्द्रले स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन गर्ने गरेको अतिरिक्त क्रियाकलाप सबै विद्यालयहरुमा सञ्चालन गर्ने गरेको, पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरु स्रोतकेन्द्र मार्फत विद्यालयहरुमा पुऱ्याउने गरेको पाइयो । स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरुले विद्यालयको अवस्थामा सुधार गरेको भएता पनि नियमित रुपमा विद्यालय निरीक्षण हुन नसकेको, ६६, ६७% मा मात्र कक्षा अवलोकन भएको कक्षा अवलोन पश्चात ३८.८८% शिक्षकहरुसँग बसेर छलफल हुन नसकेको अवस्था पाउनुका साथै स्रोतव्यक्तिहरुलाई स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन सम्बन्धि तालिमको अभाव भएको, उनीहरुलाई प्रदान गरिएको सेवा सुविधा कामको आधारमा कम भएको कार्यक्रम भए नभएको निरीक्षण हुन नसकेको, विषयगत स्रोतव्यक्तिहरु नियुक्ति गर्ने परिपाटी नभएको, स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालन पश्चात जि.सि.कामा दिइएको प्रतिवेदन कार्यन्वयन हुन नसकेको आदि जस्ता कुराहरु समस्याको रुपमा पाइएको छ । त्यस्तै गरी आवश्यकताको आधारमा स्रोतव्यक्तिहरुलाई नियमित तालिमको व्यवस्था गर्नुपर्ने, आर्थिक सहुलियत र सुविधा थप गर्नुपर्ने स्रोतव्यक्तिको योग्यताको मापदण्डमा सुधार गरिनु पर्ने, विशुद्ध सुपरीवेक्षण नीति निर्माण गर्नु पर्ने, विषयगत स्रोतव्यक्तिहरु नियुक्ति गर्नुपर्ने, निरीक्षण प्रतिवेदनको कार्यन्वन हुनु पर्ने जस्ता कुराहरु समाधानको उपायको रुपमा प्राप्त भएको छन् ।

स्रोतकेन्द्र र स्रोतव्यक्तिको सन्दर्भमा रहेका उपर्युक्त समस्याहरु यस अध्ययनबाट पत्ता लगाईएका विषयवस्तुहरु हुन् । यी समस्याहरुलाई विस्तृत रुपमा अध्ययन गरी विद्यालय निरीक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यक कदम चाल्न सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । साथै शिक्षकहरुको पेशागत दक्षता र विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि गर्ने उद्देश्यले खोलिएका स्रोतकेन्द्रमा रहेका स्रोतव्यक्तिहरुले विद्यालय निरीक्षण, कक्षा

*अवलोकन, नमुना पाठ प्रदर्शन गर्नुका साथै सबै विद्यालयहरुमा समान रुपले स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन गर्न सकेको खण्डमा कार्यक्रमले थप योगदान पुऱ्याउन सक्छ भन्ने कुरामा अत्युक्ति नहोला ।*

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक |
|---|---|
| १. | स्रोतकेन्द्र र स्रोतव्यक्तिको पदपूर्ति सम्बन्धी विवरण |
| २. | एक शैक्षिक वर्षमा भएको निरीक्षण सम्बन्धी विवरण |
| ३. | स्रोतव्यक्तिबाट भएको कक्षा अवलोकन सम्बन्धी विवरण |
| ४. | कक्षा अवलोकन पश्चात शिक्षकसँगको छलफल सम्बन्धी विवरण |
| ५ | कक्षा अवलोनबाट परेको प्रभाव |
| ६. | स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु र स्रोतकेन्द्रहरु |
| ७. | अतिरिक्त क्रियाकलाप सञ्चालन विवरण |
| ८. | अतिरिक्त क्रियाकलाप मनपराउने विद्यार्थीहरु |
| ९. | शिक्षकहरुको कक्षा अवलोकन विवरण |
| १०. | स्रोतकेन्द्रस्तरीय कार्यक्रम कार्यन्वयनका समस्याहरु |
| ११. | स्रोतकेन्द्रस्तरीय कार्यक्रम प्रभावकारी बनाउने उपायहरु |

# चित्रहरुको सूची


| चित्र नं. | शीर्षक |
|---|---|
| १. | स्रोतव्यक्तिको विद्यालय निरीक्षण सम्बन्धी वृत्तचित्र |
| २. | स्रोतव्यक्तिको कक्षा अवलोकन सम्बन्धी वृत्तचित्र |
| ३. | कक्षा अवलोकन पश्चात शिक्षकसँगको छलफल |
| ४. | कक्षा अलोकनबाट परेको प्रभाव |
| ५. | अतिरिक्त क्रियाकलाप मनपराउने विद्यार्थीहरु |
| ६. | विद्यालय /स्रोतकेन्द्रले राखेको कार्यक्रम मनपराउने विद्यार्थीहरु |

# संक्षिप्त शब्दहरुको पुरा रुप

| | |
|---|---|
| क.स. - | कम संख्या |
| प्रा.वि - | प्राथमिक विद्यालय |
| नि.मा.वि.- | निम्न माध्यमिक विद्यालय |
| मा.वि. - | माध्यमिक विद्यालय |
| उ.मा.वि - | उच्च माध्यमिक विद्यालय |
| प्र.अ. - | प्रधानाध्यापक |
| वि.नि. | विद्यालय निरीक्षक |
| वि.व्या.स.- | विद्यालय व्यवस्थापन समिति |
| त्रि.वि.वि.- | त्रिभुवन विश्व विद्यालय |
| खा.न.पा - | खाँदबारी नगरपालिका |
| जि.शि. का. - | जिल्ला शिक्षा कार्यालय |
| सं.स.- | संखुवासभा |
| S.L.C - | School Leaving Certificate |
| E.P.M - | Educational Planning and Management |
| आ.व. | आर्थिक वर्ष |

# विषय सूची


| | पृष्ठसंख्या |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv |
| तालिकाहरुको सूची | vii |
| चित्रहरुको सूची | viii |
| संक्षिप्त शव्दहरुको पुरा रुप | ix |

## परिच्छेद एक :

## परिचय

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको औचित्य | ४ |
| १.४ | अध्ययनका उद्देश्यहरू | ४ |
| १.५ | अनुसन्धानका प्रश्नहरु | ५ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| १.७ | मुख्य शब्दहरुको परिभाषा | ६ |

## परिच्छेद दुई :

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक संरचना


| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ | सैद्धान्तिक खाका | १७ |
| २.३ | अनुसन्धानमा पुनरावलोकनको प्रयोग | १८ |


## परिच्छेद तीन :

## अध्ययन विधि


| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान ढाँचा | १९ |
| ३.२ | जनसंख्या र नमूना | १९ |
| ३.३ | तथ्याङ्क संकलनका साधनहरु | १९ |
| ३.४ | तथ्याङ्कको स्रोत | २० |
| ३.५ | तथ्याङ्क संकलन प्रक्रिया | २० |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रक्रिया | २० |


## परिच्छेद चार :

## नतिजा विश्लेषण


| | | |
|---|---|---|
| ४.१. | स्रोतकेन्द्रस्तरीय कार्यक्रमको प्रभावकारिता | २१ |
| ४.१.१ | स्रोतकेन्द्र र स्रोतव्यक्तिको पदपूर्ति | २१ |
| ४.१.२ | स्रोतव्यक्तिबाट विद्यालय निरीक्षण | २२ |
| ४.१.३ | स्रोतव्यक्तिबाट कक्षा अवलोकन विवरण | २४ |
| ४.१.४ | कक्षा अवलोकन पश्चात शिक्षकसँगको छलफल | २६ |
| ४.१.५ | कक्षा अवलोकनबाट परेको प्रभाव | २७ |

४.१.६ स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु र स्रोतकेन्द्र सङ्ख्या २९
४.१.७ अतिरिक्त क्रियाकलाप ३०
४.१.८ शिक्षकहरुको कक्षा अवलोकन विवरण ३४
४.२. स्रोतकेन्द्रस्तरीय कार्यक्रमका समस्याहरु ४०
४.३. स्रोतकेन्द्र स्तरीय कार्यक्रम प्रभावकारी बनाउने उपायहरु ४६

## परिच्छेद पाँच :

## निष्कर्ष र सुझावहरु

५.१ निष्कर्ष ५२
५.२ सुझावहरु ५३
**सन्दर्भ सूची**
**अनुसूचीहरु**

# परिच्छेद एक :

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकाससँगै मानवीय कल्पनाका विविध पक्षहरुमा दिनानुदिन सुधार तथा परिवर्तन हुदै गएका छन् । विश्वमा भएको विज्ञान र प्रविधिको चमत्कारिक प्रयोगले गर्दा मानिसका जीवनशैलीहरुमा पनि परिवर्तन हुँदै आएका छन् । शिक्षा मानवीय मूल्यको सर्वाधिक महत्व र चासोको विषय बनेको छ । शिक्षाले मानिसको सर्वाङ्गीण पक्षको विकास गर्नुको साथै मानवीय कल्याणको ढोकालाई खुला गरिदिन्छ । शिक्षालाई आज मानव अधिकारसँग सम्बद्ध गर्दै आर्जन गर्ने अधिकारलाई राज्यले नै सवै भन्दा वढी चासो दिनुपर्दछ भन्ने आवजहरु घन्कन थालेका छन् । नेपालमा केही दशक अगाडी शिक्षा आर्जन गर्नु केवल कुलीन वर्गका पुरुषलाई मात्र हो -शर्मा २०५९) भन्ने  ठानिन्थ्यो । वर्तमान अवस्थामा के महिला ? के दलित ? के अपाङ्ग ? के भौगोलिक दृष्टिले पछाडि परेका व्यक्ति ? सबैले शिक्षा पाउनु पर्दछ भन्ने आवाजहरु आएका छन् । 'ज्ञानमा आधारित अर्थतन्त्रको लागि शैक्षिक प्रणाली' भन्ने मुल नाराका साथ नेपाल सरकारवाट चालु आ. व. २०६८/०६९ मा कुल राष्ट्रिय बजेटको १६.६१% वजेट शिक्षा क्षेत्रका लागि छुट्याईएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०६८/०६९ । खासगरी सन १९९० मा थाइल्याण्डको जोमटिनमा भएको विश्व सम्मेलनले सवैका लागि शिक्षा भन्ने विश्व नारा पारित गरेको थियो । संसारकै मानिसहरुले शिक्षा पाउनुपर्दछ भन्ने प्रतिवद्धता जाहेर गरेका छन् । नेपालले पनि अन्तराष्ट्रिय रुपमा आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । एकातिर विज्ञान र प्रविधिको प्रयोगवाट भएको ज्ञानको विस्फोटलाई शिक्षाले आत्मसात गर्नु परेको छ भने अर्कोतिर भोका, नाङ्गा, दलित, अपाङ्ग, महिला तथा भौगोलिक दृष्टिले पछि परेका समुदाय तथा जनजाति आदि सबैलाई समेट्दै राष्ट्रिय मुलधारमा ल्याउनु परेको छ ।

शिक्षा विकासको आधार प्राथमिक शिक्षा नै हो । यो शिक्षा दह्रो र स्तरीय भएमा मात्र माथिल्लो शिक्षाको परिणाम फलदायी निस्कन सक्छ । नेपालको वर्तमान शिक्षा प्रणालीलाई हेर्ने हो भने अझै ठुलो रुपमा शैक्षिक वाधाहरु छन् । यी वाधाहरुलाई किनारा लगाउन

सकेको खण्डमा मात्र शिक्षा पद्धतिले निरन्तर गति पाउन सकेको देखिन्छ । नेपालको शैक्षिक तथ्याङ्कलाई हेर्ने हो भने ५ देखि १० वर्ष उमेरका वालवालिकाहरुको भ्ण्डै १९ प्रतिशत संख्या विद्यालय भन्दा वाहिर नै रहेको छ । यो संख्यालाई औपचारिक शिक्षामा प्रवेश नगराएसम्म सवैको लागि शिक्षा अथवा अनिवार्य प्राथमिक शिक्षा भन्ने सरकारको प्रतिवद्धता सफल हुन नसक्ने देखिन्छ । (शै.ज.वि.के.२०६३) विद्यालयहरुमा शिक्षण सिकाई प्रभावकारी गराउनको निम्ति शिक्षहरुको नियुक्ति भएर मात्र पुग्दैन, यसको अलवा निरीक्षण, सुपरिवेक्षण तथा रेखदेखमा विद्यालयको सहयोग हुनुपर्दछ । यस कार्यको निम्ति नेपाल सरकाले विद्यालय निरीक्षणको सुरुवात परापूर्व काल देखि नै गरेको हो ।  खासगरी वि.सं.१९९८ मा सर्वप्रथम विद्यालय निरीक्षक सूर्यप्रसाद ढुंगेलबाट सुरु भएको विद्यालय निरीक्षण प्रणालीमा क्रमिक रुपमा परिवर्तन हुँदै आएका छन् । (शर्मा २०६०) २०४९ सालमा आधारभुत तथा प्राथमिक शिक्षा परियोजना लागु भए पश्चात स्रोत केन्द्र प्रणालीलाई मान्यता दिदै स्रोतकेन्द्रमा शिक्षकबाट काजमा स्रोतव्यक्तिको रुपमा लिइने व्यवस्था गरियो ।

साधन सम्पन्न एउटा विद्यालयलाई स्रोतकेन्द्रको रुपमा लिई उक्त केन्द्रले समूह विद्यालयका विद्यालयहरुको निरीक्षण गर्ने  शिक्षा सदन कक्षाको निरीक्षण गर्ने, शिक्षक तथा प्र.अ.हरुलाई तालिम दिने, शैक्षिक सामग्रीको वितरण गर्ने कार्य गरेको थियो । यी दुवैथरी परियोजनाका सकरात्मक पक्षहरुलाई समेट्दै २०४९ मा आधारभुत तथा प्राथमिक शिक्षा परियोजना लागु भई स्रोतव्यक्तिको व्यवस्था भएको थियो । यिनै स्रोतव्यक्तिबाट विद्यालय निरीक्षण तथा शैक्षिक अगुवाको भूमिका निर्वाह भइरहेको पाइन्छ । विभिन्न प्रतिवेदनहरु, सरकारी एवं गैरसरकारी निकाय तथा जनस्तरबाट पनि विद्यालयहरु प्रभावकारी निरीक्षण हुन नसकेका भनि औंल्याउन थालियो । विभिन्न विद्वानले आफ्नो कार्यक्षेत्रमा विद्यालय निरीक्षण हुन नसेको विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले विद्यालयमा पुगेर विद्यालयका समस्याहरु पहिचान नगरेको भन्ने आवाजहरु आउन थाले । (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०५५) नेपाल सरकारले शिक्षा नियमावलीमा स्पष्ट रुपमा निरीक्षकको काम कर्तव्यहरु तोकिदिएको परिवेशमा उक्त कार्य विवरण अनुसार कामकाज हुन नसकेको भन्ने भनाईहरु समेत आउन थाले । अत : विद्यालय निरीक्षणको अवस्था कस्तो छ ? स्रोतव्यक्तिहरु विद्यालय सुधारमा सफल हुन् या असफल ? निरीक्षणमा के कस्ता समस्याहरु रहेकाछन् ? भन्ने जस्ता विषयहरुको अध्ययन गर्नु आवश्यक देखिन्छ

भने अर्कोतिर २०६२/०३/२६ को शिक्षा मन्त्रालयको परिपत्र अनुसार स्रोतव्यक्तिको रुपमा कार्य गरिरहेका विद्यालय निरीक्षक कार्यालयमा नै डेस्क अफिसको रुपमा रहने गरी कार्य विवरण प्रस्तुत गरिएको छ । यसबाट पनि जिल्लाका विद्यालयहरुमा निरीक्षणको अवस्था के छ ? अतिरिक्त क्रियाकलाप कसरी सञ्चालित छन् भन्ने कुराको खोजी गर्नु बाञ्छनीय हुन गएको छ । यसरी स्रोतकेन्द्र भित्र रहेका विद्यालयहरुमा अनुगमन, निरीक्षण गरी शिक्षकलाई सहायता प्रदान गर्ने जिम्मेवारी स्रोत व्यक्तिलाई दिइएको छ । निरीक्षण प्राथमिक रुपले शिक्षणमा सुधार ल्याउने क्रियाकलाप हो । शैक्षिक निरीक्षणले ती सबै क्रियाकलापलाई समेट्छ जुन शिक्षक तथा विद्यार्थी दुबैको सिकाई तथा शैक्षिक उपलब्धी सुधार ल्याउनको निमित्त सञ्चालन गरिन्छ । स्रोत केन्द्रले विद्यालयमा गर्ने निरीक्षणको सबै भन्दा महत्वपूर्ण पक्ष कक्षाको पठनपाठन क्रियकलाप अवलोकन गरी पठनपाठन क्रियाकलापका सकरात्मक तथा नकरात्मक पक्षहरुको लेखाजोखा गरी त्यसमा सुधार ल्याउन आवश्यक सरसल्लाह र सहयोग पुऱ्याउनु पर्दछ । कक्षा अवलोकनवाट पठनपाठन क्रियाकलाप अध्ययन गरी यसमा सुधार ल्यउन, शिक्षकलाई पृष्ठपोषण दिन, शिक्षकहरुलाई आत्मामुल्याङ्कन गरी पेशाप्रति सकरात्मक भावना पैदा गर्न, शैक्षिक विषयमा योजना तर्जुमागर्न, गोष्ठि, तालिम आदि सञ्चालन गर्न तथा शिक्षकहरुको माग र आवश्यकता उचित तरिकाले लागु गर्नको लागि पनि निरीक्षण  कार्यले सहयोग पुऱ्याउने देखिन्छ । यसै अवस्थालाई मध्यनजर गरेर यो सोध अनुसन्धानमा प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको अवस्थासँग प्रत्यक्ष सम्बन्धित भई निष्कर्ष निकाल्ने प्रयास सहित अगाडि बढ्ने प्रयास गरेकी छु ।

## १.२. समस्याको कथन

कुनै पनि विषय वस्तु वा घटनाको वारेमा अधययन अनुसन्धान गर्ने कार्य आफैमा जटिल कार्य हो । यसको वारेमा अध्ययन गर्दा त्यसको लागि आवश्यक पर्ने सूचनाहरुको संकलन र तिनीहरुको विश्लेषण गर्नु अपरिहार्य हुन्छ । तर नेपालमा यस्ता क्षेत्रमा गरिने अध्ययनहरु विना सूचना हचुवाका भरमा निर्माण गरिने परम्परा रही आएको छ । जसको कारण कागजी रुपमा यस्ता अधययनहरु हेर्दा ज्यादै राम्रो र सुन्दर देखिए पनि  यथार्थ हुन सकेको छैनन् । यस यथार्थलाई मनन गरी अध्ययनको विषय ‘प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्रस्तरीय

कार्यक्रमको प्रभावकारिता' छनौट गरी यसलाई पुरा गर्नका लागि निम्न समस्याहरुको समाधान खोजी गर्ने प्रयास गरिने छ ।

१. स्रोतकेन्द्रस्तरीय कार्यक्रम कति प्रभावकारी भएको छ ।

२. शिक्षण सिकाई कार्यमा स्रोतव्यक्तिहरुको भूमिका कस्तो रहेको छ ।

३. स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन गर्दा आइपर्ने वास्तविक समस्याहरु के के हुन् ? ती समस्याहरु समाधानको उपायहरु के के छन् ?

## १.३. अध्ययनको औचित्य

कुनै पनि खोज अनुसन्धान गर्नु चुनौतिपूर्ण कार्य हो । अध्ययनको क्रममा कहाँ समस्या छ ? र समस्याको कारण के हो ? केलाउनु पर्ने हुन्छ । यहाँ प्राथमिक विद्यालयहरुमा स्रोतकेनद्रस्तरीय कार्यक्रमको प्रभाकारिता कस्तो छ ? भन्ने तथ्य पत्ता लगाउन खोजिएको शोध विषय रोज्नुको कारणहरु निम्न अनुसार रहेका छन् ।

१. स्रोतकेन्द्रबाट सञ्चालित कार्यक्रमको प्रभावकारिता अध्ययन ग री स्रोतव्यक्तिहरुलाई स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालनमा सहयोग गर्नु ।

२. स्रोतकेन्द्रस्तरीय कार्यक्रम कार्यन्वयन गर्दा देखिएका समस्याहरु पहिचान गरि स्रोतव्यक्ति एवं प्र.अ.हरुलाई कार्यक्रम सञ्चालनका लागि सहयोग गर्नु ।

३. स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरुलाई प्रभावकारी बनाउने उपायहरु पत्ता लगाई स्रोतव्यक्तिहरुलाई जानकारी गराउनु ।

४. शिक्षकहरुका शिक्षण सिकाईमा देखा परेका समस्याहरु समाधान गर्न स्रोतव्यक्तिहरुलाई शिक्षकको कक्षा अवलोकन एवं विभिन्न किसिमका तालिम सञ्चालनमा सहयोग पुऱ्याउनु

५. विद्यार्थीहरुको दक्षता र क्षमतालाई अभिबृद्धि गर्न विशेष सहयोग पुऱ्याउन स्रोतव्यक्ति एवं शिक्षकहरुलाई मार्ग निर्देशनमा सहयोग पुऱ्याउनु ।

## १.४. अध्ययनको उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु यस प्रकार रहेका छन् :-

१.स्रोतकेन्द्रबाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारिताको अध्ययन गर्नु,

२. कार्यक्रम कार्यन्वयन गर्दा देखिएका समस्याहरु पहिचान गर्नु,

३. स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरुलाई प्रभाकारी वनाउने उपायहरु पत्ता लगाउनु ।

## १.५ अनुसन्धानका प्रश्नहरु

अनुसन्धान नयाँ ज्ञान प्राप्त गर्ने व्यस्थित कार्य हो । उद्देश्य हासिल गर्ने र समस्याको समाधान गर्ने उद्देश्यबाट गरिने ज्ञानको खोजी नै यथार्थमा अनुसन्धान हो । तसर्थ ज्ञान प्राप्त गर्ने माध्यम, समस्या समाधान गर्ने माध्यम तथा नयाँ तथ्य पत्ता लगाउने माध्यमका रुपमा अनुसान्धान लाई लिन सकिन्छ । तर यो सिलसिलेवर नियन्त्रित तथा व्यवस्थित ढङ्गको हुनुपर्दछ । अनुसन्धानका लाीग समस्या चिन्ने, परिकल्पना निर्माण गर्ने, तथ्याङ्क संकलन  र विश्लेषण गरी नतिजा पत्ता लगाउने या समस्याको समाधान गर्ने कार्य आवश्यक हुन्छ । यसका लागि निश्चित विधिहरु अवलम्वन गरी क्रमवद्धरुपमा यस्ता विधिहरु मार्फत नयाँ तथ्यको खोजी गर्नु पर्दछ । नयाँ ज्ञान सही र सत्य हो होइन भन्ने स्पष्ट पार्न अनुसन्धानको क्रममा प्रयोग गरिएका प्रश्नहरु पनि उल्लेख गरिनुपर्दछ । तसर्थ प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको प्रभावकारिताको सम्बन्धमा गरिएको यस अनुसन्धानमा निम्न लिखित समस्याहरु उठान गर्ने जमर्को गरिएको छ ।

१. स्रोतकेन्द्रवाट सञ्चालित कार्यक्रमको अवस्था कस्तो छ ?

२. स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालनमा के कस्ता समस्याहरु रहेका छन् ?

३. स्रोतकेन्द्रस्तरीय कार्यक्रमलाई प्रभावकारी वनाउन के कस्ता उपायहरु अपनाउन सकिन्छ

## १.६. अध्ययनको परिसीमा

अनुसन्धान कार्य आफैमा एक गहन र व्यापक विषय हो । हरेक अनुसन्धानहरु निश्चित उद्देश्य निर्माण  गरी समस्या समाधानका विषयतर्फ लक्षित हुन्छन् र निचोडमा पुग्दछ । तथापि अनुसन्धान गर्ने कार्यमा वा क्रममा विभिन्न वाधा अड्चन तथा वाध्यता र कठिनाईका उपस्थितिले अनुसन्धानकार्यलाई पछाडि हट्न वाध्य वनाउँछ । जसका कारण सिमितता भित्र रहि अनुसन्धानलाई वास्तविक, यथार्थपरक र वस्तुपरक बनाउनका लागि एउटा निस्चित सिमानाभित्र आवद्ध हुनु पर्दछ । जुन सीमाले अध्ययनको विषयवस्तु र

क्षेत्रलाई निश्चित घेराभित्र समेटी लथालिङ्ग र अस्तव्यस्त हुनबाट रोकी वा अनुसन्धान कार्यलाई नै बीचैमा रोक्नुपर्ने आवस्थावाट बचाई सरल र सुक्ष्म बनाउन पुग्दछ । यही यथार्थलाई मध्यनजर गरेर यस अनुसन्धानलाई अनुसन्धानको प्रयोजन, समय, स्रोत र साधन आदि समेतलाई ध्यान दिई निम्न अनुरुपको क्षेत्रमा सिमाङ्कन गर्ने प्रयास गरिएको छ ।

१. संखुवासभा जिल्लाका ३ वटा स्रोतकेन्द्रहरु ।

२. उक्त स्रोतकेन्द्रका स्रोतव्यक्तिहरु ।

३. उक्त स्रोतकेन्द्र भित्रका १२ वटा विद्यालयहरु ।

४. छनोट भएका स्रोतकेन्द्रहरुवाट २/२ जनाका दरले ६ जना प्र.अ. ।

५.उक्त विद्यालयका १/१ जनाका दरले १२ जना शिक्षकहरु ।

६. प्रत्येक विद्यालयका २/२ जनाका दरले २४ जना विद्यार्थीहरु ।

७. स्रोतकेन्द्रको विभिन्न भूमिकाहरु मध्ये विद्यालय निरीक्षण र अतिरिक्त क्रियाकलाप ।

## १.७ मुख्य शव्दहरुको परिभाषा

स्रोतकेन्द्र : शिक्षा विभागको मातहतमा जिल्ला शिक्षा कार्यालयको कार्यक्रम सञ्चालन गर्न विद्यालय र जिल्लाको बीच पुलको रुपमा कार्य गर्न स्थापित निकाय ।

प्रधानाध्यापक : विद्यालयको प्रमुखको रुपमा काम गर्न शिक्षा नियमावली २०५९ को दफा ३९ को उपदफा २ बमोजिम छनोट भएको व्यक्ति ।

स्रोतव्यक्ति : शिक्षा शास्त्रमा स्नातक गरी स्रोतव्यक्तिको रुपमा नियुक्त स्थायी, अस्थायी वा करारको नियुक्त व्यक्ति

शिक्षक : विद्यालमा अध्यापन गर्न नियुक्ति पाएका स्थायी, अस्थायी वा करारमा नियुक्त भएको व्यक्ति ।

स्रोतकेन्द्रस्तरीय अतिरिक्त क्रियाकलाप : स्रोतकेन्द्रमा सञ्चालन हुने अतिरिक्त क्रियाकलाप ।

निरीक्षक : विद्यालय निरीक्षण गर्न अधिकार प्राप्त व्यक्ति ।

निरीक्षण : कक्षा शिक्षण कार्य देखि लिएर शैक्षिक पन तथा अन्य आवश्यक पक्षको वारेमा गहन अध्ययन गरी सुधार गर्न सहयोग पुऱ्याउने पक्ष ।

समूह विद्यालय : एउटा स्रोतकेन्द्रभित्र पर्ने विद्यालयहरुको समूह ।

विद्यालय व्यवस्थापन समिति : शिक्षा नियमावली बमोजिम गठित विद्यालयको सञ्चाल, रेखदेख, व्यवस्थापन गर्न वनेको समिति ।

## परिच्छेद दुइ :

## सम्बन्धित साहित्यको पनुरावलोकन र सैद्धान्तिक संरचना

### २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

यस अनुसन्धान कार्यलाई अगाडि वढाउन यसै विषयसँग सम्बन्धित विभिन्न लेख, रचना, पत्रिका, पुस्तक, अनुसन्धान प्रतिवेदन, निर्देशिका, जर्नल साथै शिक्षा ऐन तथा नियमावलीको अध्ययन गरिएको छ । यो अध्ययन पुरा गर्ने क्रममा यसै सँग सम्वन्धित ४ वटा सामग्री पुनरावलोकनका लागि प्रयोग गरिएको छ । जस अर्न्तगत २ वटा अनुसन्धान प्रतिवेदन, एउटा जर्नल, एउटा निर्देशिका र एउटा प्रोफायलको समिक्षा गरिएको छ । जस अनुरुप :

क. विधा : शोधपत्र

I. शोध शीर्षक : स्रोतकेन्द्रस्तरीय कार्यक्रमले प्राथमिक विद्यालयहरुमा पुऱ्याएको योगदान ।

शोधकर्ता : गोविन्दप्रसाद पोखरेल

शोध वर्ष : २०६३

पेश भएको क्याम्पस : पृथ्वीनारायण क्याम्पस पोखरा ।

शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नको लागि पर्वत जिल्ला का ६ वटा स्रोतकेन्द्रहरु र प्राथमिक विद्यालयहरुलाई अध्ययनको क्षेत्र बनाई यो शोध तयार गरिएको छ । यसको प्रमुख उद्देश्य स्रोतकेन्द्रबाट सञ्चालन कार्यक्रमको योगदानको अध्ययन गर्नु, कार्यक्रम कार्यन्वयन गर्दा देखिएका समस्या समाधान गर्नु र स्रोतकेन्द्र स्तरीय कार्यक्रमलाई प्रभाकारी बनाउने उपायहरु पत्ता लगाउनु रहेको छ । यस शोध कार्यक्रमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु कतिको सफल छन् ? स्रोतव्यक्तिहरु शिक्षाको गुणस्तर विकास गर्नका लागि कत्तिको सहयोगी छन् ? स्रोतकेन्द्र स्तरीय कार्यक्रम कार्यन्वयनमा उनीहरुको योगदान के छ ? भन्ने प्रश्नहरुको उत्तर खोजी गरी स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालनका समस्या र समाधानका उपायहरुको बारेमा समेत अध्ययन गरी शोध सम्पन्न गरिएको छ ।

यस शोध कार्यमा शोधकर्ताद्वारा सार्वजनिक स्कूलको शिक्षण कार्यलाइ सहज र स्तरीय बनाई शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यले खोलिएका स्रोतकेन्द्र र त्यहाँ नियुक्त स्रोतव्यक्तिहरु जि.शि.का.को काममा वढि सीमित हुनु परेको कारण प्रभावकारी ढङ्गवाट आफ्नो जिम्मेवारी वहन गर्न नसकेको जसले गर्दा विद्यालयको निरीक्षण कक्षा अवलोकन र नमुना पाठ प्रदर्शन जस्ता महत्वपूर्ण कार्यहरु ओझेलमा परको छ। जसले गर्दा राष्ट्रको शैक्षिक क्षेत्रको विकास हुन सक्दैन त्यसले विद्यालय निरीक्षक कार्यलाई प्रभावकारी बनाउन आवश्यक कदम चाल्न सम्बन्धित निकायको ध्यान जानुपर्छ। स्रोतकेन्द्र स्तरीय कार्यक्रमलाई प्रभावकारी वनाए मात्र विद्यालयको शैक्षिक गुणस्तर कायम हुन्छ भन्ने आशय यहाँ प्रकट गरिएको छ। यस शोध पत्रमा स्रोत व्यक्तिवाट शिक्षण सिकाईमा सुधारको भूमिका अध्ययन गरी सो सँग सम्बन्धित विभिन्न विषयमा रहेका कमी कमजोरीहरु पहिचान गरी निरुपण गर्ने प्रयास गरिएको छ। यस शोधपत्रवाट स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन गर्दा स्रोतव्यक्तिवाट उत्तरदायित्व पुरा गरी शैक्षणिक क्षेत्रमा देखिएका परिवर्तनहरु सुधारबाट अतिरिक्त क्रियाकलापमा आएका परिवर्तनहरुको लेखाजोखा गरिएको छ भने विद्यालय सुधारवाट अतिरिक्त क्रियाकलापमा आएका परिवर्तनहरुको लेखाजोखा गरिएको छ। यसै गरी कार्यक्रम सञ्चालन गर्दा देखिएका कमिकमजोरीहरु पत्ता लागाई सुधारका उपायहरु प्रस्तुत् गरिएका छन्। यी उद्देश्यहरु पूरा गरी निचोड निकाल्नका लागि पर्वत जिल्लाका स्रोतव्यक्तिहरु मध्ये ६ जना स्रोतव्यक्ति, ६ जना प्र.अ., ६ जना शिक्षक र २४ जना विद्यार्थीहरुलाई आधार मानेर नमुनाको रुपमा छनौट गरी उनीहरुसँग प्रत्यक्ष भेटघाट, अन्तरकृया, छलफल, अवलोकन फारम, प्रश्नावली, अन्तरवार्ता सूचि आदिको माध्यमबाट स्थलगत सर्वेक्षण गरी कार्यक्रमको प्रभावकारिता अध्ययन गरिएको छ।

६१ पेज रहेको यो शोधपत्रमा अनुसन्धानकर्ताले प्राप्त गरेको तथ्याङ्कहरुलाई स्तम्भ चित्र, वृत्तचित्र, तालिका र विवरणको माध्यमवाट प्रस्तुत गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ। यस शोधको निष्कर्षमा सवैजसो स्रोतकेन्द्रले स्रोतकेन्द्रस्तरीय प्रोफायल खडागरी स्रातकेन्द्रको रेकर्ड अद्यावधिक गरेको, पाठ्यक्रम, पाठ्यपुस्तकको सन्दर्भ सामग्रीहरु स्रोतकेन्द्र मार्फत विद्यालयमा पु¥याउने गरेको सवै विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने गरेको त्यस्तै गरी स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालन सम्बन्धि तालिमको अभाव भएको, कार्यक्रम भए नभएको निरीक्षण अवलोकन हुन नसकेको, स्रोतव्यक्तिलाई प्रदान

गरिएको सेवा सुविधा कामको तुलनामा कम भएको, विषयगत स्रोत व्यक्तिहरु नियुक्त गर्ने परिपाटी नभएको, स्रोतकेन्द्र स्तरीय कार्यक्रम सञ्चालन पश्चात दिइएको प्रतिवेदन कार्यन्वयन हुन नसकेको, स्रोतव्यक्तिहरु निर्धारित कार्य गर्न दक्ष र समर्पित नभएको, जिल्ला शिक्षा कार्यालयले स्रोतव्यक्तिहरुलाई प्रशासनिक काममा वढी लगाउने गरेको आदि जस्ता निष्कर्षहरु निकालिएको छ साथै यी समस्याहरुलाई विस्तृत रुपमा अध्ययन गरी विद्यालय निरीक्षण कार्यलाई प्रभावकारी वनाउन आवश्यक कदम चाल्न सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ साथै स्रोतव्यक्तिले स्रोतकेन्द्रस्तरीय कार्यक्रम सबै विद्यालयमा समानरुपले सञ्चालन गर्न सकेको खण्डमा कार्यक्रमले थप योगदान दिन सक्नेछ भन्दै शोध अन्त्य गरिएको छ ।

सबल पक्षहरु

१. समय सान्दर्भिक अति आवश्यक शीर्षक छनोट गरिएको
२. विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्नको लागि खोलिएका स्रोतकेन्द्रहरु र स्रोतव्यक्तिहरुले गरेको कार्यको वारेमा विश्लेषण गरिएको,
३. पर्वत जिल्लाको ६ वटा स्रोतकेन्द्रमा रहेका स्रोतव्यक्तिहरुले प्राथमिक विद्यालयहरुमा पुऱ्याएको योदानको चर्चा गरिएको,
४. विद्यालय निरीक्षण प्रणालीको इतिहास सुरुबाट यहाँसम्म आइपुग्दाको मिति समेत स्पष्ट देखिएको,
५. स्रोतव्यक्तिहरु आफैँलाई सचेतना प्रदान गर्न कोशिस गरिएको ।

सुधारात्मक पक्षहरु

१. आकार निकै ठूलो तर शीर्षकसँग मेलखाने कुरामा कम विश्लेषण गरेको,
२. तथ्याङ्क दिएको तर तालिका, चार्टहरु कम वनाइएको,
३. साहित्यको पुनरावलोकनमा विषय नछुट्याईएको,
४. पृष्ठभूमि बढी लेखिएको ।

विधा : शोधपत्र

II. शोध शीर्षक : रसुवा जिल्लाका माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी वनाउन विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुको योगदान

शोधकर्ता : विष्णुहरी ढकाल

शोधवर्ष : २०६३

पेश भएको स्थान : महेन्द्ररत्न क्याम्पस ताहाचल काठमाण्डौं

शिक्षाशास्त्र सङ्काय स्नात्तकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नको लागि रसुवा जिल्लामा कार्यरत विद्यालय निरीक्षक १० जना, स्रोतव्यक्तिहरु ५जना, प्र.अ. ५ जना, शिक्षकहरु र व्यवस्थापन समितिका सदस्य एवं जिल्ला शिक्षा अधिकारीलाई अध्ययनको क्षेत्र वनाई उनीहरुसँग लिखित प्रश्नावली र अन्तरवार्ताको माध्यमवाट अभिमत सङ्कलन गरिएको छ । यसको प्रमुख उद्देश्यहरु विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरु विद्यालय निरीक्षण कार्यमा कतिको सक्रिय रुपमा कार्यरत छन् उनीहरुको कृयाकलापबाट कत्तिको शैक्षिक गुणस्तरमा सुधार आउन सकेको छ, विद्यालय निरीक्षण सम्बन्धी के कस्ता समस्याहरु र कमीकमजोरीहरु छन्, वर्तमान निरीक्षण पद्धतिमा सुधार ल्याउन के गर्नु पर्छ भन्ने कुरा पत्ता लगाउनु रहेको छ ।

६९ पेज रहेको यस शोध अध्ययनमा जिल्ला शिक्षा कार्यालयमा कार्यरत विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिहरुले विद्यालयमा शिक्षण सिकाइको सुधारको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । शिक्षण सिकाइ कार्यको एकपाटो निरीक्षण पनि हो ।

निरीक्षकहरुले शिक्षकहरुको सहयोगी भएर नङ र मासुको सम्बन्ध कायम गर्नु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ । नेपालको सन्दर्भमा शैक्षिक गुणस्तर क्रमश ह्रास हुँदै गएको, विद्यालयमा अनुशासन कायम नभएको विद्यालयहरु राम्रो सँग १०-४ नचलेको, विद्यालयको सिकाइ उपलव्धि कम हुँदै गएको भनि विभिन्न अनुसन्धानहरु र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगहरुले समेत प्रतिवेदन दिएको हुनाले शोधकर्ताले विद्यालय निरीक्षक र स्रोतव्यक्तिले विद्यालयमा पुऱ्याएको योगदान के कस्तो छ भन्ने कुरा पत्ता लगाउने कोशीस

गरेकोछ । एक महिनामा स्रोत व्यक्तिले १० वटा विद्यालयहरु निरीक्षण गर्नुपर्ने भन्ने नियम भएता पनि विद्यालय निरीक्षकले धेरै समय कार्यालयमा नै बिताइ विद्यालय निरीक्षण कम मात्र गरिएको छ भन्ने कुरा यहाँ देखाइएको छ । त्यस्तै गरी आर्थिक सुविधाको अभाव, तालिमको अभाव, प्रशासनिक कामको झमेला, अनुगमन र मुल्याङ्कनको अभाव सवारी साधनको व्यवस्था नहुनु अनुभव र योग्यताको कमि, राजनैतिक हस्तक्षेप आदि जस्ता समस्याहरु विद्यालय निरीक्षक र स्रोत व्यक्तिका साझा समस्याहरु हुन् र ती समस्याहरु सामाधान गर्नको लागि आर्थिक सहुलियत र सुविधा प्रदान गुर्नपर्ने निरीक्षण कार्यको अनुगमन र मुल्याङ्कन हुनुपर्ने, निरीक्षकहरुलाई प्रशासकीय कार्यमा लगाउन नहुने, आवश्यक अधिकार प्रत्यायोजन गर्नुपर्ने, विषयगत निरीक्षकको व्यवस्था हुनु पर्ने, निरीक्षण प्रतिवेदन कार्यन्वयन गर्नुपर्ने आदि जस्ता समस्या समाधानका उपायहरुलाई निष्कर्षको रुपमा निकाल्दै सोध अन्त्य गरिएको छ ।

सबल पक्षहरु

१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्ने विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुको साझा समस्याहरु केलाइएको,
२. समस्याहरु समाधानका लागि सम्बन्धित निकाय एवं कार्यरत व्यक्तिको के कस्ता कार्यहरु गर्नु पर्दछ भन्ने कुराहरु वुदागत रुपमा लेखिएको
३. विषय वस्तु समय सापेक्ष छानिएको ।

सुधारात्मक पक्षहरु

१.साहित्यको पुनरावलोकनमा पुस्तक, सोध लेख रचनाहरु नछुट्याइएको,
२. पृष्ठभूमि लामो लेखिएको,
३. तथ्याङ्कहरुलाई सोधेका प्रश्नहरु धेरै भएता पनि तिनीहरुको विश्लेषण नगरिएको ।

ख. जर्नल : शिक्षक मासिक

लेख : जिम्मेवारी एकातिर काम अर्कोतिर

लेखक : बाबुराम विश्वकर्मा

वर्ष : २०६८ मङसिर

प्रकाशक : शिक्षक मासिक

२०६८ मङ्सिरमा प्रकाशित शिक्षक मासिक पत्रिकामा छापिएको स्रोतकेन्द्र र स्रोतव्यक्तिको रिपोर्टसँग सम्बन्धित "जिम्मेवारी एकातिर काम अर्कातिर" शीर्षकको यो लेखमा सार्वजनिक स्कूलको शिक्षण कार्यलाई सहज र स्तरीय बनाउन सघाउने उद्देश्यले खोलिएका स्रोतकेन्द्र र त्यहाँ नियुक्त स्रोतव्यक्तिहरु जि.सि.का.को नियमित काममा नै सीमित भएका कारण स्कूल निरीक्षण, कक्षा अवलोकन र नमुना पाठ जस्ता महत्वपूर्ण कार्यहरु ओझेलमा परेको कुरा विश्लेषण गरिएको छ । शिक्षा मन्त्रालयले १३ अशोज २०६८ मा जारी गरेको स्रोतव्यक्ति व्यवस्थापन निर्देशिकामा स्रोतव्यक्तिले एक महिनामा १० वटा विद्यालय निरीक्षण गर्नुपर्ने, २० वटा नमुना पाठ प्रदर्शन गर्नु पर्ने, नमुना पाठ प्रदर्शनपछि शिक्षक र छात्रछात्रासँग अन्तरक्रिया गर्ने, अर्को पटक कक्षा अवलोक गर्दा आफूले लागु गरेको विधि स्कूलमा लागु भए नभएको हेर्ने र त्यसवारे जिसिकालाई वुझाउनुपर्ने जिम्मेवारी उल्लेख गरिएको छ । स्रोतकेन्द्र सञ्चालन सम्बन्धि पुरानो निर्देशनमा पनि स्रोतव्यक्तिलाई प्राविधिक शिक्षक भन्दै स्कूलको शैक्षिक गुणस्तर सुधारको निम्ति जिम्मेवारी तोकिएको थियो । तर यथार्थ चाँही वेग्लै भेटिन्छ । स्रोतव्यक्तिहरुलाई जि.सि.का.ले आम रुपमा प्रशासनिक काममा लगाउने गरेको, व्यवहारमा स्रोतव्यक्तिहरु स्रोतव्यक्ति नभएर जि.शि.का.का कर्मचारीमा परिणत भइसेका छन् भन्ने कुरा यस लेखमा विश्लेषण गरिएको छ ।

काठमाण्डौं नक्साल स्थित नन्दी मा.वि. स्रोतकेन्द्रकी उमा रेग्मीले स्रोतव्यक्तिको जिम्मेवारी पाएको १४ वर्ष भइसक्दा पनि जि.सि.का.को प्रशासनिक काममा नै उनलाई भ्याइनभ्याई भएको कारण स्कूलको शैक्षिक अवस्था सुधारका निम्ति सार्थक भूमिका निर्वाह गर्न नसकेको अनुभव बटुलेकी छन् । उमा भन्छिन् " म त कक्षा अवलोकन नमुना पाठ प्रदर्शन र स्कूल अनुगमनामा सिमित हुन पाए खुसी हुन्थे तर मेरो धेरै समय तथ्याङ्क संकलन र वैठकमै जान्छ, म महिनामा ४, ५ वटा कक्षा पनि हेर्न भ्याउदिन" । एउटा स्रोतकेन्द्रमा स्रोतव्यक्तिलाई आफ्नो जिम्मवेरी पुरा गर्न एउटा कोठा कम्प्यूटर, पाठ्यक्रम, पाठ्यपुस्तक,

निर्देशिका आदि जरुरी हुने देखिन्छ तर नन्दि स्रोतकेन्द्रमा अरुत के एउटा कोठासम्म छैन स्कूलले दिएको एउटा टेबुल देखाउँदै उमा भन्छिन् “यो पनि म र विनि चन्द्र थापाले प्रयोग गर्ने गरेका छौं । स्कूलको शैक्षिक गुणस्तर सुधार र शिक्षकको पेशागत विकासमा सहयोग पुऱ्याउने उदेश्यले व्यवस्था गरिएका स्रोतव्यक्तिहरुलाई शिक्षा विभाग र जि.सि.का को प्रशासनिक खाँचो पूर्ति गर्ने काममा सीमित गरिएका कारण स्रोतव्यक्तिको औचित्य र आवश्यकतामै प्रश्न उठ्न थालेको छ । स्रोतव्यक्तिलाई स्कूलको पठनपाठन सुधारका काममा लगाउने हो भने तिनको काँधमा हालिएका प्रशासनिक काम जि.शि.का.का कर्मचारी स्वयंले गर्नुपर्ने हुन्छ । कक्षा अवलोकन नमुना पाठ प्रदर्शन र स्कूल निरीक्षणकै काममा केन्द्रित गराउन सके मात्र स्रोतव्यक्तिलाई दिइएका जिम्मेवारीहरु पुरा हुन सक्ने अपेक्षा गर्दै यो लेखलाई अन्त्य गरिएको छ ।

सवल पक्षहरु

१. लेख छोटो भए पनि विष्यवस्तु ज्यादै प्रष्ट ढङ्गले प्रस्तुत गरिएको,
२. स्रोतकेन्द्रको हालत झल्कने २ वटा फोटोहरु समेत राखेर लेखलाई आकर्षक बनाइएको,
३. समय सान्दर्भिक विषय छनोट गरी स्रोतव्यक्तिहरु स्रोतकेन्द्रको प्रशासनिक कार्यमा नलागाएर स्कूल निरीक्षण, नमुना पाठ, प्रदर्शन जस्ता कार्यमा लगाए मात्र शैक्षिक गुणस्तर वृद्धि हुन सक्ने सन्देश दिएको ।

सुधारात्मक पक्षहरु

१. लेख समय सान्दर्भिक र सन्देशमूलक भए पनि ज्यादै छोटो लेखिएको,
२. निष्कर्ष छुट्टै प्रस्तुत नगरेको,
३. स्रतकेन्द्रको हालत भनेर स्रोतकेन्द्रको नामसहितको लथालिङ्ग फोटो समेत राखिएको हुँदा उक्त स्रोतकेन्द्रलाई नकरात्मक असर पर्न सक्ने ।

ग. प्रोफायल - विद्यालय प्रोफायल

प्रकाशक - जिल्ला शिक्षा कार्यालय

वर्ष - २०६७/०६८

जिल्ला शिक्षा कार्यालय सङ्खुवासभाबाट प्रकाशित गरिएको यस विद्यालय प्रोफायल ( २०६७/०६८) क्रमिक रुपमा जिल्लाका १५ वटै स्रोतकेन्द्रहरुको फोटो सहितको प्रोफाल तयार गर्ने लक्ष्यका साथ सुरु गरिएको हो । यो कार्यक्रम अन्तरगत यस आ.व.मा जिल्लाका ३ वटा स्रोतकेन्द्रहरु -मकालु, माम्लिङ्ग र चैपुर) का ८५ भन्दा वढी विद्यालयहरुको फोटो सहितको प्रोफायल तयार  गरिएको छ । वर्तमान सन्दर्भमा तयार गरिएको यस प्रोफायलको मुख्य उद्देश्य जिल्लावाट विद्यालयहरुलाई विभिन्न किसिमका आर्थिक, भौतिक एवम् मानवीय सहयोगहरुको वितरण समानुपातिक रुपमा प्रदान गर्ने, वास्तविक आवश्यकताका आधारमा सहयोग गर्न अनुगमन निरिक्षणमा सहजता प्रदान गर्ने जस्ता कार्यमा सघाउ पुऱ्याउनु आदि रहेको छ ।

चालु आ.व. २०६७/०६८ मा शिक्षा क्षेत्रमा नवप्रर्वनात्मक कार्यका लागि बजेटको व्यवस्था भएको सन्दर्भमा गुणस्तरीय शिक्षा प्रदान गर्नको निम्ति आवश्यक सर्तहरु जस्तै : विद्यालय भवन कक्षा कोठा, फर्निचर, शैक्षिक सामग्रीहरु, शौचालय, खेलमैदान, विद्यालयको वातावरण, विद्यार्थी, शिक्षक जस्ता पक्षमा जिल्लाका सम्पूर्ण विद्यालयहरुको फोटो सहितको प्रोफायल तयार गरेर विद्यालयलाई भौतिक एवं शैक्षिक सहयोग आवश्यकताको आधारमा समानुपातिक रुपमा वितरण गर्नमा सहजता आउने र यसवाट विद्यालयको सर्वाङगीण पक्षको विकासमा टेवा पुग्न गई शिक्षामा गुणस्तरीयता आउने हुँदा यस कार्यलाई अभियानको रुपमा सञ्चालन गरिएको हो । यस प्रोफायलमा मकालु चैनपुर र माम्लिङ्ग स्रोतकेन्द्र अन्तरगतका ८५ भन्दा वढि विद्यालयको फोटो सहितको प्रोफायल तयार गरिएको छ । जसमा विद्यालयको भवन, कक्षा कोठा, कार्यालय कोठा, विद्यालयको संक्षिप्त इतिहास, विद्यार्थी विवरण शिक्षक विवरण, भौतिक विवरण, विषयगत सिकाई उपलब्धि जस्ता कुराहरुलाई प्रष्ट ढंगवाट देखाउने गरिएको छ । जसले गर्दा उक्त विद्यालयमा नगइकन प्रोफायल हेरेर नै ती विद्यालयहरुको भवन कस्तो छ ? के कस्ता पूर्वाधारहरु छन् ? शिक्षक तथा विद्यार्थीको संख्या के कति छ भन्ने जस्ता कुराहरु थाहा पाउन सकिन्छ ।

निष्कर्षमा भन्दा यस प्रोफायलमा जिल्लाका ३ वटा स्रोतकेन्द्र अन्गारगत रहेका ८५ वटा विद्यालयहरुको फोटो सहितको प्रोफायल तयार गर्ने कोशिस गरिएको छ जसवाट शिक्षा प्रदान गर्नका लागि आवश्यक शर्तहरु जस्तै : विद्यालय भवन, कक्षा कोठा, फर्निचर, शैक्षिक सामग्रीहरु, शौचालय, खेलमैदान, विद्यालयको वातावरण, विद्यार्थी, शिक्षक जस्ता पक्षमा जिल्लाका सम्पूर्ण विद्यालयहरुको फोटो सहितको प्रोफायल तयार गर्न सकेमा विद्यालयहरुमा आवश्यकताको आधारमा समानुपातिक रुपमा भौतिक एवं शैक्षिक स हयोग गर्नमा सहजता आउने र यसवाट विद्यालयको सर्वाङ्गीण पक्षको विकासमा टेवा पुग्न गई शिक्षामा गुणस्तरीयता आउन सक्नछ भन्ने निष्कर्ष यस प्रोफायलवाट निकालिएको छ ।

सवल पक्षहरु

१. संखुवासभा जिल्लाका ३ वटा स्रोतकेन्द्र  अन्तरगतका ८५ वटा विद्यालयहरुको फोटो सहितको प्रोफायल रहेको,
२. यस प्रोफायल हेरेर उक्त विद्यालयहरुमा नगईकन विद्यालयको वारेमा विस्तृत विवरण, ( विद्यालयको वातवरण, शिक्षक विवरण, विद्यार्थी विवरण, भौतिक विवरण, विद्यालयको संक्षिप्त इतिहास, कक्षा/ विषयगत सिकाइ उपलव्धि) थाहा पाउन सकिने ।
३. यस प्रोफायलवाट विद्यालयहरुमा आवश्यकताको आधारमा समानुपातिक रुपमा भौतिक एवं शैक्षिक सहयोग गर्नमा सहजता हुने ।

सुधारत्मक पक्षहरु

१. यस प्रोफायलमा फोटोहरु Black and White भएकोले स्पष्ट रुपमा भवनहरु, काक्षाकोठा एवं विद्यालय वातावरण देख्न नसकिने,
२. यस प्रोफायलमा भएको विद्यार्थी विवरणमा १ देखि १० सम्मको छात्र/छात्रा, दलित जनजाति एवं अपाङ्ग छात्र/छात्रा लाई छुट्याएर देखाउने कोशिस गरिएता पनि सबै विद्यालयहरुको विद्यार्थी विववरणमा छात्राको संख्या र जम्मा विद्यार्थी संख्या मात्र छ छात्रहरुको भने महल (कोलम) नै छैन ।

## २.२. सैद्धान्तिक खाका

जुनसुकै अध्ययन अनुसन्धानलाई अगाडि बढाउन कुनै न कुनै सिद्धान्तको प्रयोग गर्नु पर्ने भएकोले यस अध्ययनमा तल उल्लेखित अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्तको प्रयोग गरिएको छ ।

### क) अब्राहम मास्लेको अभिप्रेरणाको सिद्धान्त

अभिप्रेरणाको सिद्धान्त अन्तरगत अब्राहम मास्लोले सन १९४३ मा आवश्यकताको श्रृङखलामा भनेका छन् मानिसमा प्रसस्त मात्रामा इच्छा, चाहना र आवश्यकताहरु हुन्छन् । तीनको परिपूर्ति पश्चात पनि अन्य इच्छा, आवश्यकता र चाहना थप भई रहन्छन् । मानिसमा कुनै चाहना पुरा हुन्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन । जुन प्राप्तिका लागि मानिस उत्प्रेरित भई रहन्छ । मानिसमा अप्राप्त चाहना पनि अनगिन्ति हुन्छन् । जसलाई एक क्रमवद्धताका आधारमा छुट्याउन सकिन्छ निम्न स्तरका धेरै आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छन् भन्ने धारणा उनको रहेको छ । उनले मानिसका शारीरिक आवश्यकताबाट सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता, आत्मसन्तुष्टिको आवश्यकता सम्म ५ श्रेणीमा आवश्यकताको क्रम निर्धारण गरेका छन् । (शर्मा एण्ड शर्मा २०६१)

विद्यालयमा अध्यापनरत शिक्षक र अध्ययनरत विद्यार्थीहरुका पनि अनगिन्ति आवश्यकताहरु रहेका हुन्छन् । गाँस, बाँस र कपासको साथसाथै शिक्षा स्वास्थ्य आदि जस्ता आवश्कताहरु थपिदै जान्छन् । शिक्षकहरुलाई समयको बदलिदो परिवेश अनुसार आफूलाई समायोजन ग री प्रभावकारी शिक्षण सिकाई सञ्चालन गर्नका लागि विशेष सर-सल्लाह, सहयोग एवं तालिमको आवश्यकता परेको हुन्छ । त्यस्तै गरी विद्यार्थीहरु पनिा सँधै कक्षाकोठामा पाठ्यपुस्तकमा भएको कुराहरु मात्र पढिरहनु भन्दा बेला बेलामा अतिरिक्त क्रियाकलाप भईदियोस् भन्ने चाहन्छन् । यो आवश्यकतालाई पुरा गर्नको लागि हरेक विद्यालयको स्तरवृद्धि गर्ने उद्देश्यले खोलिएका स्रोतकेन्द्रमा रहेका स्रोतव्यक्तिहरुले आवश्यकताको आधारमा विशेष योजना बनाएर बेलाबेलामा विद्यालय निरीक्षण, नमुना पाठ प्रदर्शन, प्र.अ.

एवं शिक्षहरुलाई तालिम गोष्ठि सञ्चालन गर्नुका साथै विद्यार्थीहरुका लागि विभिनन किसिमका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न सकेको खण्डमा शिक्षकहरुको पेशागत दक्षतामा विकास भई विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि हुन सक्छ ।

## २.३. अनुसन्धानमा पुनरावलोकनको प्रयोग

अनुसन्धान नयाँ ज्ञान प्राप्त गर्ने व्यवस्थित कार्य हो । उद्देश्य हासिल गर्ने र समस्याको समाधान गर्ने उद्देश्यवाट गरिने ज्ञानको खोजी नै यर्थाथमा अनुसन्धान हो । यो सिलसिलेवर नियन्त्रित तथा व्यवस्थित ढङ्गले गुर्नपर्ने हुँदा अनुसन्धान आफैमा एक जटिल कार्य हो । जसमा पनि यसको मर्म अगाडि भइसकेका त्यहि विषयसँग सम्बन्धित निष्कर्षहरुलाई समेत नयाँ रुपमा खोजी गर्ने पनि रहेको हुन्छ । यसै गरि अनुसन्धानमा सिद्धान्तगत एवं व्यवहारिक अनुभवहरुको सहयोग लिनै पर्ने हुन्छ । यसरी अगाडि बढाइएको अनुसन्धानले तुलनात्मक अध्ययन  गरि निष्कर्ष निकाल्न अनुसन्धानको बाटो तय गर्न विधि खोजीगर्न, ढाँचा विधि छनोट गर्न, नमुना छनोट गर्न देखि लिएर अनुसन्धानको समयकालीन औचित्यमा समेत सहयोग पुऱ्याउदछ । यहि कुराको मार्गदर्शनका लागि अनुसन्धानमा पुनरावलोकनको प्रयोग गरिएको छ ।

# परिच्छेद तीन :

# अध्ययन ढाँचा

## ३.१.अनुसन्धान ढाँचा

अनुसन्धानलाई उपयोग (Application) र अध्ययनको उद्देश्य (objectives) तथा खोजी गरिने जानकारीका किसिम (Types of information) का अधारमा विभिन्न किसिममा वर्गीकरण गरिएको छ । खोजी गरिने जानकारी तथा तथ्याङ्कका किसिमका आधारमा अनुसन्धानलाई परिमाणात्मक (quantative) र गुणात्मक (qualitative) गरी २ किसिममा वर्गीकरण गर्न सकिन्छ । तसर्थ सोध अनुसन्धानको विश्लेषण र निष्कर्ष प्राप्तिका लागि विभिन्न अनुसन्धानका ढाँचाहरुका प्रयोग गरिन्छन् । यो सोध अनुसन्धानलाई सम्पन्न गर्नको लागि मिश्रीत अनुसन्धान (Mixed Research) ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२. जनसङ्ख्या र नमुना

(क) जनसङ्ख्या

यस अध्ययनमा संखुवासभा जिल्लाका स्रोतकेन्द्रहरु, प्राथमिक विद्यालयहरु,स्रोतव्यक्तिहरु प्रधानाध्यापकहरु, शिक्षकहरु र विद्यार्थीहरु नै जनसङ्ख्याको रुपमा रहेका छन् ।

(ख) नमुना

यस अध्ययन कार्यलाई पुरा गर्न प्रयोग गरिने जनसङ्ख्याको छनौटको लागि वहुप्रचलित विधिको रुपमा अगाडि वढेको छयासमिसे नमुना छनोट विधिको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरु

अध्ययनको क्रममा तथ्याङ्क संकलन गर्दा संरचित खुला तथा बन्द प्रश्नावलीको प्रयोग गरिने छ । त्यसै गरी स्थलगत अवलोकन, अन्तरवार्ता र अभिलेख अध्ययनलाई पनि अनुसन्धानको

साधनको रुपमा प्रयोग गरिनेछ ।

## ३.४ तथ्याङ्कको स्रोत

(क) प्राथमिक स्रोत : प्रश्नावली, अन्तरवार्ता छलफल तथा अवलोकनवाट प्राप्त तथ्याङ्कहरु ।

(ख) द्वितीय स्रोत : स्रोतकेन्द्र तथा विद्यालयको तथ्याङ्क, शिक्षा कार्यालयको तथ्याङ्क, उक्त विषयसँग सम्बन्धित विभिन्न पुस्तक, शिक्षा ऐन तथा नियमावली, निर्देशिका, लेख, रचना साथै शिक्षाको इतिहास आदि ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

सम्बन्धित सरोकारीत स्थान र जनसङ्ख्यामा अनुसन्धानकर्ता आफै गइ प्रश्नावली एवं छलफलबाट तथ्याङ्क संकलन गरिनेछ भने द्वितीय स्रोतहरु अध्ययन गरेर समेत अनुसन्धानकार्य अगाडि वढाइनेछ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यो अनुसन्धानलाई पुरा गर्न प्राप्त गरेका तथ्य तथ्याङ्कहरुलाई चार्ट, ग्राफ एवं तालिकीकरण गर्नुका साथै सैद्धान्तिक निष्कर्ष समेत प्रस्तुत गरेर अगाडि बढिने छ ।

# परिच्छेद चार :

# नतिजा विश्लेषण

## ४.१. स्रोतकेन्द्र स्तरीय कार्यक्रमको प्रभावकारिता

स्रोतकेन्द्रस्तरीय कार्यक्रमको मुख्य उद्देश्य विद्यालय निरीक्षण गरी शिक्षकहरुलाई सहायता प्रदान गर्नु र शिक्षकलाई शैक्षिक प्रक्रिया अन्तरगत सहयोग गर्नु हो । त्यस्तै गरी प्रत्येक विद्यार्थीको आन्तरिक प्रतिभा प्रस्फुटन गर्नको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यालयलाई समुदायसँग घनिष्टता बढाउँदै शैक्षिक गुणस्तर बृद्धि गर्नका लागि प्र.अ. विद्यालय व्यवस्थापन समितिलाई तालिम, गोष्ठि, समुदायिक सचेतना कार्यक्रम गरी शैक्षिक वातावरण सिर्जना गरी सवै बालबालिकालाई विद्यालयसम्म ल्याउन स्रोतकेन्द्रस्तरीय कार्यक्रमले उद्देश्य राखेको हुन्छ । जिल्लाका सबै विद्यालयलाई भौगोलिक अवश्था र विद्यार्थी संख्याको अधारमा निश्चित स्रोत केन्द्र तोकि स्रोत केन्द्रभित्र पर्ने समूह विद्यालय विभाजन गर्दा कुनै स्रोत केन्द्रमा धेरै विद्यालय र कुनै स्रोतकेन्द्रमा थोरै विद्यालय पर्न गएको देखिन्छ । सोही सन्दर्भमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको प्रभावकारिता अध्ययन गर्नको लागि शोधकर्ताले स्रोतव्यक्तिको पदपूर्तिको अवश्था, स्रोतव्यक्तिद्वारा विद्यालय निरीक्षणको अवश्था, अतिरिक्त कृयाकलाप सञ्चालनको अवस्था, स्रोतव्यक्तिद्वारा कक्षा अवलोकन, कक्षा अवलोकनबाट परेको प्रभाव, स्रोतकेन्द्रस्तरीय कार्यक्रममा विद्यालयहरुको संलग्नता, शिक्षकहरुले अध्यापनको क्रममा प्रयोग गर्ने विभिन्न दक्षता र सीपको प्रदर्शनलाई अवलोकन फारममा भरी प्र.अ., स्रोतव्यक्ति शिक्षक र विद्यार्थीहरुलाई तालिकाबद्ध गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ स्रोतकेन्द्र र स्रोतव्यक्तिको पदपूर्ति

जिल्ला शिक्षा अधिकारीको संयोजकत्वमा जम्मा ७ सदस्यीय स्रोतव्यक्ति छनौट समिति रहने व्यवस्था रहेको सोही समितिको सिफारिसमा जि.शि.अ.ले स्रोतव्यक्तिको नियुक्ति गर्ने व्यवस्था रहेको छ । त्यस्तै गरि स्रोतव्यक्तिको लागि उम्मेदवार हुन कम्तिमा शिक्षा शास्त्र

विषयमा स्नातक तह उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिना तालिम लिएको र माध्यमिक तहमा कम्तिमा ५ बर्ष स्थायी सेवा गरेको हुनुपर्ने व्यवस्था रहेको छ। (स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८) सोही सन्दर्भमा संखुवासभा जिल्लाका १५ वटा स्रोतकेन्द्रहरु मध्ये छनौट भएका स्रोतकेन्द्रमा स्रोतव्यक्तिको पदपूर्ति निम्न अनुसार रहेको छ।

तालिका नं १

संखुवा सभा जिल्लाका छनौट भएका स्रोत केन्द्र र स्रोतव्यक्तिको पदपूर्ति सम्बन्धि विवरण

| सि.नं | स्रोतकेन्द्रको नाम | स्रोतव्यक्ति पद संख्या | समूह विद्यालयको संख्या | पदपूर्ति भएको | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | श्री हिमालय उ.मा.वि. खाँदबारी अगुवा स्रोतकेन्द्र | १ | ३२ | १ | १०० |
| २. | श्री जनता उ.मा. चन्दनपुर स्रोतकेन्द्र | १ | २६ | १ | १०० |
| ३. | श्री हेमाद्रि मा.वि. सेदुवा स्रोतकेन्द्र | १ | २२ | १ | १०० |

स्रोत : स्रोतव्यक्ति अभिलेख जि.शि.का

उपर्युक्त तालिकावाट संखुवासभा जिल्लाका छनोट भएका स्रोतकेन्द्रहरुमा स्रोतव्यक्तिको दरवन्दी अनुसारको पदपूर्ति भएको हुनाले स्रोतव्यक्तिको अनुपस्थिति वा पद रिक्त भएको कारणवाट निरीक्षण, सुपरिवेक्षण कार्यमा वाधा उत्पन्न भएको पाइँदैन।

## ४.१.२. स्रोतव्यक्तिबाट विद्यालय निरीक्षण

नेपालमा आधुनिक शिक्षा प्रणालीको स्थापनाको प्रारम्भिक समयदेखि नै विद्यालय निरीक्षण व्यवस्थाको प्रचलन भएको पाइन्छ। राणाकालिन प्रशासन व्यवस्थामा शिक्षाको सुविधाको विस्तार गर्ने नीति भएता पनि खोलेका केही विद्यालयवाट निरीक्षण गर्न विद्यालय निरीक्षयक नियुक्ति गरी निरीक्षण गराउने विद्यालयलाई सहयोग पुऱ्याउने खालको हुनु

नितान्त आवश्यक छ । शिक्षा मन्त्रालयले असोज २०६८ मा जारी गरेको स्रोतव्यक्ति व्यवस्थापन १३ निर्देशिकामा स्रोतव्यक्तिले एक महिनामा कम्तिमा १० वटा विद्यालय निरीक्षण  गरी तिनमा कम्तिमा दुईवटा नमुना पाठ प्रदर्शन पछि शिक्षक र छात्रछात्राहरुसँग अन्तरक्रिया गर्ने अर्को पटक कक्षा अवलोकन गर्दा आफूले लागु गरेको विधि स्कूलमा लागू भए, नभएको हेर्ने र त्यसवारे जि.शि.का.लाई प्रतिवेदन वुझाउनु पर्ने जिम्मेवारी पनि स्रोतव्यक्तिलाई दिइएको छ । जस अनुसार यस अध्ययनमा सोध कर्ताले स्रोतव्यक्तिवाट प्रत्येक विद्यालयमा एक शैक्षिक वर्षमा निरीक्षण भए, नभएको जानकारी लिन सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया लाई निम्नानुसार विश्लेषण गरिएको छ ।

तालिका नं. २


स्रोतव्यक्तिवाट प्रत्येक विद्यालयमा एक शैक्षिक वर्षमा भएको निरीक्षण विवरण

| सि.न. | विवरण | स्रोतव्यक्ति संख्या | प्र.अ. संख्या | शिक्षक संख्या | कुल प्रतिशत |
|---|---|---|---|---|---|
| १. | वर्षमा १ पटक | २ | २ | ६ | ४७.६२ |
| २. | वर्षमा २ पटक | १ | ३ | २ | २८.५७ |
| ३. | वर्षमा ३ पटक | | १ | २ | १४.२८ |
| ४. | तीन पटक भन्दा बढी | | | | |
| ५. | एकिन हुदैन | | | २ | ९.५२ |

स्रोत : स्थलगत सर्वेक्षण

चित्र नं. १

माथिको तालिकालाई वृत्तचित्रमा प्रस्तुत गर्दा :



उपयुक्त तालिकामा हेर्दा विरोधाभाषपूर्ण देखिन्छ । संखुवासभाका ३ वटा स्रोतकेन्द्रका स्रोतव्यक्तिले दिनुभएको जवाफमा वर्षमा एकपटक मात्र निरीक्षण गरेको भन्ने उत्तरमा २ जना अर्थात ६६.६७% पाइयो भने १ जना अर्थात ३३.३३३ प्रतिशतले वर्षमा ३ पटक निरीक्षण हुन्छ भन्ने जवाफ दिएको पाइयो । त्यसै गरी ६ जना प्र.अ.हरुलाई सोधिएको उक्त प्रश्नमा वर्षमा २ पटक र १ जना अर्थात १६.६६ प्रतिशतले वर्षमा ३ पटक निरीक्षण हुन्छ भन्ने जवाफ दिएको पाइयो । त्यसै गरी १२ जना शिक्षकहरुलाई सोधिएको उक्त प्रश्नमा वर्षमा १ पटक निरीक्षण भएको छ भन्ने उत्तर दिने ५ जना अर्थात ५०% पाइयो । वर्षमा २ पटक भन्नेमा २ जना अर्थात १६.६६% रहे भने वर्षमा ३ पटक भन्नेमा पनि २ जना अर्थात १६.६६% नै पाइयो भने एकिन हुँदैन भन्ने जवाफ दिनेमा २ जना अर्थात १६.६६% जवाफ पाइयो । यसरी तालिकाबाट स्रोतव्यक्तिले  नियमित रुपमा विद्यालय सुपरिवेक्षण नगरेको हुँदा शिक्षण सिकाइमा पनि सकारात्मक प्रभाव नभएको देखिन आउँछ ।

### ४.१.३. स्रोतव्यक्तिबाट कक्षा अवलोकन विवरण

सुपरिवेक्षणको क्रममा सबैभन्दा महत्वपूर्ण पक्ष कक्षाको पठनपाठन क्रियाकलाप अवलोकन गरी पठनपाठन क्रियाकलापका सकरात्मक र नकरात्मक पक्षहरुको लेखाजोखा गरी त्यसमा सुधार ल्याउन आवश्यक सरसल्लाह र सहयोग दिनु हो । कक्षा अवलोकनका उद्देश्यहरु, सिद्धान्तहरु तथा त्यसका बारेमा राम्रो ज्ञान लिई अवलोकन गर्न सकेको आवस्थामा शैक्षिक तथा पठ्यक्रमका उद्देश्यहरु पुरा हुन सक्दछन् । (विद्यालय निरीक्षण निर्देशिका २०६३) कक्षा अवलोकनबाट पठनपाठन क्रियाकलाप अध्ययन गरी यसमा  सुधार ल्याउन शिक्षकलाई पृष्ठपोषण दिन, शिक्षकहरुलाई आत्ममुल्याङ्कन गरी पेशा प्रति सकरात्मक भावना पैदा गर्न शिक्षा कार्यालयबाट तर्जुमा गरिने गोष्ठि, तालिमलाई शिक्षकको आवश्यकता अनुसार सुधार गर्न र पाठ्क्रम परिमार्जन गर्ने आधारहरु संकलन गर्ने अवसर पनि प्राप्त हुन्छ । त्यसैले शोधकर्ताले सम्बन्धित उत्तरदातालाई स्रोतव्यक्तिवाट कक्षा अवलोकन हुन्छ कि हुदैन भन्ने सम्बन्धिको जिज्ञासामा निम्नानुसारको जवाफ पाइयो ।

तालिका नं. ३


स्रोतव्यक्तिवाट भएको कक्षा अवलोकन सम्बन्धी विवरण

| सि.नं. | व्यक्तिहरु | जना | हुन्छ | हुदैन |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापकहरु | ६ | ५ | १ |
| २ | शिक्षकहरु | १२ | ७ | ५ |
| | कूल जम्मा | १८ | १२ | ६ |

स्रोत : स्थलगत सर्वेक्षण

प्र.अ. ६ जना मध्ये ५ जना अर्था ८३.३३ प्रतिशतले कक्षा अवलोकन हुन्छ भन्ने जवाफ दिएको र १ जना अर्था १६.६६ प्रतिशतले हुदैन भन्ने जवाफ दिएमो पाईयो । त्यसगरी १२ जना शिक्षहरुलाई पनि यो प्रश्न सोधिएकोमा ७ जना अर्थात ५८.३३ प्रतिशतले कक्षा अवलोकन हुन्छ भन्ने वताए भने ५ जना अर्थात ४१.६६ प्रतिशतले हुदैन भन्ने जवाफ दिए । यसलाई वृत्तचित्रमा प्रस्तुत गर्दा :

चित्र नं. २




स्रोत : स्थलगत सर्वेक्षण

यसरी उपयुक्त विश्लेषणवाट के भन्न सकिन्छ भने कक्षा अवलोकन न्यून संख्यामा भएका छन् । कक्षा अलवोकनवाट मात्र शिक्षकहरुलाई शिक्षणमा देखा परेको कठिनाइहरु हटाउन सहयोग पुग्छ र स्रोतव्यक्तिको मुख्य कार्य भनेको शिक्षकहरुका शैक्षिक समस्याहरु हटाउनको

निम्ति उनीहरुलाई आत्मनिर्देशित बनाउनु हो जुन समस्याहरुलाई हटाउन स्रोतव्यक्तिहरुले सहयोग पुऱ्याउन सकेको देखिदैन ।

### ४.१.४ कक्षा अवलोकन पश्चात शिक्षकसँग छलफल

स्रोतव्यक्तिले कक्षा अवलोकन पश्चात शिक्षकहरुसँग बसेर छलफल गर्नुपर्ने र राम्रा कुराहरुको प्रशंसा गर्दै कमजोर पक्षहरुलाई सुधार गर्न पृष्ठपोषण दिनुपर्दछ । अवलोकनमा देखिएका समस्याहरु बारे दुबैपक्षले समाधानको बाटो पहिल्याउनु पर्दछ । कक्षाकोठामा देखा परेका भौतिक एवं शैक्षिक समस्याहरुलाई शिक्षकहरु र प्रधानाध्यापक बीच सामुहिक छलफल गरी समस्या समाधान कहिले र कसरी गर्न सकिन्छ टुंगो लगाउने गरी सहमत हुनुपर्दछ । सोधकर्ताले कक्षा अवलोकन पश्चात वा निरीक्षण पश्चात शिक्षकसँग बसेर छलफल एवं पृष्ठपोषणको अवस्था कस्तो छ भनि सोधिएको प्रश्नमा पनि मिश्रित किसिमको जवाफ पाइयो । जुन निम्नानुसार छ ।

तलिका ४

कक्षा अवलोकन पश्चात शिक्षकसँगको छलफल सम्बन्धि विवरण


| सि.नं. | व्यक्तिहरु | जना | हुन्छ | हुदैन |
|---|---|---|---|---|
| १. | प्रधानाध्यापकहरु | ६ | ३ | ३ |
| २. | शिक्षकहरु | १२ | ८ | ४ |
| | कूल जम्मा | १८ | ११ | ७ |

स्रोत : स्थलगत सर्वेक्षण

कक्षा अवलोकन पश्चात शिक्षकसँग बसेर छलफल भएमा मात्र शिक्षकलाई आवश्यक पृष्ठपोषण हुने गर्छ । सोधकर्ताले सोधेको प्रश्नमा मिश्रित उत्तर देखा पऱ्यो । ६जना प्र.अ. मध्ये ३ जना अर्थात ५० प्रतिशतले छलफल हुने बताए भने ३ जना अर्थात ५० प्रतिशतले छलफल हुदैन भन्नेमा जवाफ दिए । त्यस्तै गरी १२ जना शिक्षक मध्ये ८ जना अर्थात

६६.६६ प्रतिशतले कक्षा अवलोकन पछि छलफल हुन्छ भन्ने जवाफ दिएभने ४ जना अर्थात ३३.३३ प्रतिशतले हुदैन भन्ने जवाफ दिए । यसलाई वृत्तचित्रमा प्रस्तुत गर्दा :

चित्र नं. ३




स्रोत : स्थलगत सर्वेक्षण

यसरी हेर्दा कक्षा अवलोकन पश्चात शिक्षकसँग बसेर स्रोतव्यक्तिले गर्ने छलफल कम भएको पाइयो । शिक्षक तथा स्रोतव्यक्तिको सद्भावपूर्ण कार्यबाट मात्र शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । तसर्थ स्रोतव्यक्तिको कक्षाकोठामा वा विद्यालयमा आगमन हुनुलाई शिक्षकले आफुलाई भएको सहयोग मान्नु पर्दछ ।

### ४.१.५. कक्षा अवलोनबाट परेको प्रभाव

स्रोतव्यक्तिले कक्षा अवलोकन गर्दा गन्यमान्य व्यक्तिका रुपमा कक्षाको अगाडि बसेमा कक्षाको यथार्थ स्थिति बुझ्न सकिदैन र शिक्षण गर्ने शिक्षक एवं अध्ययनरत विद्यार्थीहरुलाई पनि त्रासपूर्ण वातावरण सृजना हुन सक्छ । त्यसैले कक्षा अवलोकन गर्दा ठीक ठाउँमा वसेर अवश्यकता अनुसार नोट लेख्नुपर्दछ । कक्षा शिक्षक र विद्यार्थीहरुलाई कुनै प्रश्न गरी त्रासपूर्ण वातावरण बनाउनु हुदैन साथै शिक्षक तथा विद्यार्थीको ध्यान विकर्षित हुने कुनै पनि काम गर्नु हुदैन । विद्यार्थीलाई केही प्रश्न गर्नुपरेमा शिक्षकसँग पहिले नै सल्लाह गरी मिलाए अनुसार कक्षा समाप्त भएपछि प्रश्न गर्नुपर्दछ । सबै शिक्षकहरुले कक्षा अवलोकन

सहयोगी खालको, शिक्षणमा सुधार ल्याउने खालको अपेक्षा गरिरहेका हुन्छन् अध्ययनको क्रममा कक्षा अवलोकनबाट कस्तो प्रभाव परेको छ भनी सोधिएको प्रश्नमा प्राप्त जवाफपहरुलाई मिन्नानुसारको तालिकामा देखाइएको छ ।

तालिका नं. ५


कक्षा अवलोकनवाट परेको प्रभाव

| सि.नं | विवरण | प्र.अ. (६ जना) | शिक्षक (१२जना) | कैफियत |
|---|---|---|---|---|
| १. | सहयोगी खालको | | ९ | |
| २. | असहयोगी खालको | | | |
| ३. | त्रासपूर्ण | | ३ | |
| ४. | सुधार भएको | ३ | | |
| ५. | सुधार नभएको | १ | | |
| ६ | न्यून सुधार भएको | २ | | |
| | कुल | १०० | १०० | |

स्रोत :स्थलगत सर्वेक्षण

उपर्युक्त तालिकाले के देखाउँछ भने स्रोतव्यक्तिले शिक्षण सिकाई कार्यमा महत्वपूर्ण योगदान दिएका छन् भन्ने पक्षमा अधिकांश उत्तरदाताहरु सहमत भएतापनि समग्रमा मिश्रित जवाफ पाइयो । जसमध्ये प्र.अ. ६ जना मा ३ जना अर्थात ५० प्रतिशतले कक्षा अवलोकन पश्चात सहयोगी खालको प्रभाव पाइयो भन्ने उत्तर दिए । सुधार नभएको भन्नेमा १ जना अर्थात १६.६६ प्रतिशतले उत्तर दिएभने न्यून सुधार भएको भनेमा २ जना अर्थात ३३.३३ प्रतिशतले जवाफ दिएको पाइयो । त्यस्तै १२ जना शिक्षक मध्ये ९ जना अर्थात ७५ प्रतिशत सहयोगी खालको प्रभाव परेको भन्ने जवाफ दि एभने ३ जना अर्थात २५ प्रतिशतले त्रासपूर्ण प्रभाव परेको भन्ने जवाफ दिएको पाइयो । यसलाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा :

चित्र नं. ४




स्रोत : स्थलगत सर्वेक्षण

यसवाट के देखिन्छ भने स्रोतव्यक्तिहरुको निरीक्षणको प्रभाव सकारात्मक छ र सहयोगी भूमिका छ भनि प्रमाणीत गर्न नसकेको देखिन्छ किनकी सहयोगको अनुभूि तगर्ने शिक्षक र प्र.अ.मा स्रोतव्यक्तिको प्रभाव औपचारिक किसिमको मात्र छ भन्ने जवाफ अधिकांश उत्तरदाताले दिनुलाई उनीहरुको उपस्थिति औपचारिकता निर्वाह हुने खालको छ भन्न सकिन्छ। वास्तवमा स्रोतव्यक्तिले सर्वप्रथम शिक्षक तथा प्र.अ. सँग राम्रो सम्बन्ध स्थापना गरेर मात्र उनीहरुको काममा सहयोग गरेमा त्यसलाई सकरात्मक तरीकाले स्वीकार गर्ने वातावरणको सिर्जना हुन्छ।

### ४.१.६. स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु र स्रोतकेन्द्र संख्या

स्रोतकेन्द्रले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरुलाई स्रोतकेन्द्र स्तरीय कार्यक्रम भनिन्छ। स्रोतकेन्द्रले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरु विद्यालय निरीक्षण, अतिरिक्त क्रियाकलाप सञ्चालन, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई तालिम, नमूना विद्यालय छनौट सचेतना गोष्ठि, समुदाय परिचालन गरी त्यसको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ। सोधकर्ताले तपाईको विद्यालयमा कुनकुन स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु सञ्चालन हुन्छन् भनी सोधेकोमा निम्न लिखित कार्यक्रमहरु सबै स्रोतकेन्द्रमा सञ्चालन हुने जवाफ प्राप्त भयो :

तालिका नं. ६

स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु र स्रोतकेन्द्रहरु

| क्र.स. | कार्यक्रमहरु | स्रोतकेन्द्र संख्या |
|---|---|---|
| १. | विद्यालय निरीक्षण | ३ केन्द्र |
| २. | अतिरिक्त क्रियाकलाप | ३ केन्द्र |
| ३. | प्र.अ. र वि.व्य.स.लाईतालिम | २ केन्द्र |
| ४. | नमुना विद्यालय छनौट गर्ने | २ केन्द्र |
| ५. | हाजिरीजवाफ प्रतियोगिता | ३ केन्द्र |
| ६. | वक्तृत्वकला | २ केन्द्र |
| ७. | सचेतना गोष्ठि सञ्चालन गर्ने | २ केन्द्र |
| ८. | लोकगीत प्रतियोगिता सञ्चालन गर्ने | १ केन्द्र |
| ९. | चेस प्रतियोगिता सञ्चालन गर्ने | १ केन्द्र |

स्रोत : स्थलगत सर्वेक्षण

### ४.१.७. अतिरिक्त क्रियाकलाप

विद्यार्थीको सृजनात्मक प्रतिभाको विकासको लागि विद्यालयमा गरिने पठनपाठन बाहेकका थप क्रियाकलापहरुलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । शिक्षा नियमावली २०५९ को परिच्छेद १४ अनुसार विद्यालयमा सञ्चालित अतिरिक्त क्रियकलापहरु निम्नानुसार तोकिएको छ । चित्रकला र हस्तकला प्रतियोगिता, बादविवाद प्रतियोगित, नृत्य प्रतियोगिता, नाटक प्रतियोगिता, साहित्य गतिविधी, कविता र निबन्ध प्रतियोगिता, फूलबारी प्रतियोगिता आदि । उक्त सन्दर्भमा सोधकर्ताले अतिरिक्त क्रियाकलाप कुन कुन सञ्चालन भएका छन् भनि सोधिएको प्रश्नवाट प्राप्त जवाफहरु निम्न तालिका अनुसार देखाइएको छ ।

तालिका नं ७

अतिरिक्त क्रियाकलाप सञ्चालन विवरण

| क.स. | कार्यक्रमहरु | स्रोतकेन्द्र संख्या |
|---|---|---|
| १. | लोकगीत प्रतियोगिता | ३ |
| २. | चित्रकला प्रतियोगिता | २ |
| ३. | हाजिरी जवाफ  प्रतियोगिता | ३ |
| ४. | हिसाव दौड प्रतियोगिता | १ |
| ५. | वादविवाद प्रतियोगिता | २ |
| ६. | वक्तृत्वकला प्रतियोगिता | ३ |
| ७. | निवन्ध प्रतियोगिता | ३ |
| ८. | चकलेट तान्ने प्रतियोगिता | १ |
| ९. | नृत्य प्रतियोगिता | २ |
| १०. | कविता प्रतियोगिता | २ |

स्रोत : स्थलगत सर्वेक्षण

क) अतिरिक्त क्रियाकलाप सम्बन्धी विद्यार्थीहरुको धारणा

विद्यार्थीहरुलाई सधैं कक्षा कोठाभित्र अध्यापन गराएर मात्र उनीहरुको सर्वाङ्गीण पक्षको विकास हुन सक्दैन । शारीरिक मानसिक, सामाजिक एवं संवेगात्मक विकासका लागि विद्‍यालयमा पढाइको अलवा वेलावेलामा वतृत्वकला प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, कविता प्रतियोगिता, गीत तथा नाच प्रतियोगिता, खेलकुद आदि जस्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ । यसवाट विद्यार्थीहरुको चौतर्फी विकास हुन जान्छ । यसै सन्दर्भमा सोधकर्ताले विद्यार्थीहरुलाई सवभन्दा मनपर्ने अतिरिक्त क्रियाकलाप कुन हो भनि सोधिएको प्रश्नमा विद्यार्थीहरुको मिश्रित जवाफ पाइयो यसलाई निम्नानुसारको तालिकामा देखाईएको छ ।

तालिका नं. ८

अतिरिक्त क्रियाकलाप मनपराउने विद्यार्थीहरु


| क्र.स. | विवरण | मनपराउने विद्यार्थी संख्या |
|---|---|---|
| १. | हाजीरीजवाफ प्रतियोगिता | ११ (४५.८३%) |
| २. | लोकगीत प्रतियोगिता | ६ (२५%) |
| ३. | वक्तृत्वकला प्रतियोगिता | ४ (१६.६६%) |
| ४. | चित्रकला प्रतियोगिता | ३ (८.३३%) |
| ५. | हिसाब दौड प्रतियोगिता | १ (४.१६%) |

स्रोत : स्थलगत सर्वेक्षण

सबभन्दा बढी ११ जना अर्थात ४५.८३% ले हाजिरी जवाफ प्रतियोगिता मनपराएको, ६ जना अर्था २५% ले लोकगीत प्रतियोगिता मन पराएको पाईयो । त्यस्तै गरी ४ जना अर्थात १६.६६% ले वक्तृत्वकला मनपराउने बताएको, २ जना अर्था ४.१६% ले हिसाव दौड प्रतियोगिता मनपर्ने कुरा उल्लेख गरेको पाइयो । यसलाई स्तम्भचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र नं. ५

अतिरिक्त क्रियाकलाप मनपराउने विद्यालयहरु





स्रोत : स्थलगत सर्वेक्षण

ख) विद्यालय/स्रोतकेन्द्रले राखेको अतिरिक्त क्रियाकलाप मनपराउने विद्यार्थीहरु

विद्यार्थीहरुलाई सधैँ अफ्नै विद्यालयमा बसेर कक्षाकोठामा मात्र पढिरहनु भन्दा कहिलेकाँहि आफ्नो विद्यालय भन्दा बाहिका परिवेशहरुको बारेमा पनि जान्ने बुझ्ने चाहना हुन्छ । त्यसका लागि उनीहरुलाई कहिलेकाही यस्तो अवसर दिनु पर्छ कि जुन विद्यालय भन्दा वाहिर शैक्षिक भ्रमण, अन्य विद्यालय वा स्रोतकेन्द्रमा सञ्चालन हुने कार्यक्रमहरु आदिमा समेल हुने मौका दिनु पर्छ जसले गर्दा उनीहरुका हरेक क्षमता विकास भई सामाजिकीकरणको पनि विकास हुन्छ । यसै सन्दर्भमा सोधकर्ताले जम्मा २४ जना विद्यार्थीहरुलाई कस्ले सञ्चालन गरेको अतिरिक्त क्रियाकलाप बढि मन पर्छ भनि सोधिएको प्रश्नमा १८ जना (७५%) ले विद्यालयले राखेको कार्यक्रम नै बढि रोचक लाग्यो भनि जवाफ दि एभने ६ जना (२५%) ले स्रोतकेन्द्रवाट सञ्चालित कार्यक्रम भन्ने जवाफ दिएको पाइयो । यसलाई निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं. ६

विद्यालय/स्रोतकेन्द्रले राखेको कार्यक्रम मनपराउने विद्यार्थीहरु




स्रोत : स्थलगत सर्वेक्षण

सोधकर्ताले जम्मा २४ जना विद्यार्थीहरुलाई विद्यालयले स्रोतकेन्द्रले राखेको कार्यक्रम किन रोचक लाग्यो भन्ने प्रश्नमा १८ जना (७५%) ले आफ्नै विद्यालयमा सञ्चालित भएका

कार्यक्रममा सबै साथी सँगसँगै बसी आफ्नै विद्यालयमा खेल्न पाइने भएकोले रोचक लाग्ने बताए भने ६ जना (२५%) ले नयाँ नयाँ साथीसँग भेट हुने, नयाँ नयाँ ठाउँ जान पाइने भएकोले स्रोतकेन्द्र स्तरीय कार्यक्रम रोचक लाग्ने बताए । त्यस्तै गरी उनीहरुलाई स्रोतकेन्द्रले राखेको कार्यक्रममा भाग लिन्छौ भनि सोधिएको प्रश्नमा १७ जना (७०.८३%) ले भाग लिन्छु भन्ने जवाफ दिएभने ७ जना (२९.१६%) ले भाग लिन्न भन्ने जवाफ दिएको पाइयो ।

### ४.१.८. शिक्षकहरुको कक्षा अवलोकन विवरण

शिक्षकहरुले कक्षा कोठामा शिक्षण गर्ने निश्चित उद्देश्य राखी उचित शैक्षिक सामग्रीको प्रयोगबाट विषयवस्तुको स्पष्टता पार्नेक्रममा कत्तिको भाषिक शुद्धता छ ? क्रियाकलाप विद्यार्थी केन्द्रित छ कि छैन ? विद्यार्थी र शिक्षाकबीच के कस्तो अन्तरक्रिया छ ? कालोपाटिमा प्रयोग कसरी भईरहेको छ ? मुल्याङ्कन गर्ने परिपाटी कस्तो छ ? भन्ने सन्दर्भमा कक्षा अवलोकन फारमको आधारमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमले पारेको प्रभाव हेर्नको लागि यस अवलोकन फारम भरिएको हो । सोधकर्ता स्वय विद्यालयमा पुगी शिक्षकहरुको कक्षाशिक्षणको बारेमा अवलोकन फारम भरिएको थियो जुन तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. ९

शिक्षकहरुको कक्षा अवलोकन विवरण

| विवरण | अति उत्तम | प्रतिशत | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | न्यून | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| उद्देश्यको निर्माण | ५ | ४१.६७ | ३ | २५ | ३ | २५ | १ | ८.३३ |
| पाठको तयारी | ६ | ५० | ३ | २५ | ३ | २५ | - | - |
| विषयवस्तुको स्पष्टता | ४ | ३३.३३ | ४ | ३३.३३ | ३ | २५ | १ | ८.३३ |
| भाषिक शुद्धता | १० | ८३.३३ | २ | १६.६७ | - | - | - | - |
| शै.सा.को निर्माण | १ | ८.३३ | ८ | ६६.६७ | ३ | २५ | - | - |
| शै.सा.को उपयुक्तता | १ | ८.३३ | ६ | ५० | ५ | ४१.६७ | - | - |
| पूर्व पाठमा आधारित | ४ | ३३.३३ | ६ | ५० | २ | १६.६७ | - | - |
| विद्यार्थीको सहभागिता | २ | १६.६७ | ४ | ३३.३३ | ६ | ५० | - | - |
| विद्यार्थी केन्द्रित | ६ | ५० | ४ | ३३.३३ | २ | १६.६७ | - | - |
| उदाहरणको प्रयोग | ४ | ३३.३३ | ६ | ५० | २ | १६.६७ | - | - |
| शिक्षक विद्यार्थी अन्तरक्रिया | ३ | २५ | ४ | ३३.३३ | २ | १६.६७ | - | - |
| प्रश्नोत्तरको प्रयोग | ३ | २५ | ५ | ४१.६७ | २ | १६.६७ | - | - |
| शिक्षण विधिको उपर्युक्तता | ४ | ३३.३३ | ४ | ३३.३३ | ३ | २५ | १ | ८.३३ |
| कालोपाटीको प्रयोग | ५ | ४१.६७ | ४ | ३३.३३ | ३ | २५ | - | - |
| मुल्याङ्कन लिखित/मौखिक | ४ | ३३.३३ | ३ | २५ | ४ | ३३.३३ | १ | ८.३३ |
| उद्देश्य प्राप्ति | ४ | ३३.३३ | ५ | ४१.६७ | २ | १६.६७ | १ | ८.३३ |
| गृहकार्य | ३ | २५ | ६ | ५० | १ | ८.३३ | २ | १६.६७ |

स्रोत : स्थलगत अध्ययन

क) उद्देश्यको निर्धारण

उद्देश्यको निर्धारण गर्दा कुल १२ जना सहभागी शिक्षकहरु मध्ये ५ जना (४१.६७%) ले उत्कृष्ट किसिमको उद्देश्य निर्धारण गरे भने ३ जना (२५%) ले उत्तम खालको उद्देश्य निर्धारण गरे, त्यस्तै ३ जना (२५%) ले मध्यम खालको उद्देश्य निर्धारण गरे भने १ जना अर्थात ८.३३% ले निम्न खालको उद्देश्य निर्माण गरे । जसमा मध्य र निम्न गरी ४ जना शिक्षकहरुलाई बिशेष सहयोग वा तालिम दिन आवश्यक देखिन्छ ।

ख) पाठको तयारी

पाठको तयारीलाई हेर्दा ६ जना (५०%) ले उत्कृष्ट अर्थात अति उत्तम खालको र ३ जना (२५%) ले उत्तम खालको र बाँकी ३ जना अर्थात २५% ले मध्यम खालको तयारी गरेको पाइयो । २५% ले मध्यम खालको गरेको पाइयो । २५% शिक्षकलाई विशेष सहयोग सल्लाह वा तालिम दिनु आवश्यक देखियो ।

ग) विषयवस्तुको स्पष्टता

विषयवस्तुको स्पष्टतामा जम्मा ४ जना (३३.३३%) शिक्षक अति उत्तम किसिमबाट विषयवस्तुलाई स्पष्ट पारेको पाइयो भने ४ जना (३३.३३%) ले मध्यम किसिमले र बाँकी १ जनाको विषयवस्तु स्पष्ट पार्ने शैली एकदमै निम्न किसिमको पाइयो ।

घ) भाषिक शुद्धता

भाषिक शुद्धतामा भने प्रायजसो सबै शिक्षक अर्थात १० जना ( ८३.३३%) शिक्षकले शुद्ध भाषा प्रयोग गरेको पाइयो भने बाँकी २ जना (१६.६७%) शिक्षकले उत्तम किसिमको भाषा प्रयोग गरेको पाइयो ।

ङ) शैक्षिक सामग्रीको निर्माण

शैक्षिक सामग्रीको निर्माण गरी उत्कृष्ठ शैक्षिक सामग्रीको प्रयोग गर्ने १ जना (८.३३%) शिक्षक रहे भने उत्तम किसिमको सामग्री प्रयोग गर्ने ८ जना (६६.६६%) पाइयो भने मध्यम खालको शैीषक सामग्री प्रयोग गर्ने ३ जना (२५%) शिक्षक पाइयो ।

च) पूर्व पाठमा आधारित

यसै गरी अध्ययनमा पूर्ण पाठसँग सम्बन्धित रहेर अध्यापन गर्नेमा उत्कृष्ट ४ जना (३३.३३%), उत्तम ६ जना (५०%) र मध्यम २ जना (१६.६६%) शिक्षक रहेको पाइयो । मध्यम २ जना शिक्षकलाई विशेष तालिम आवश्यक देखिन्छ ।

छ) विद्यार्थीको सहभागिता

अध्ययन अध्यापन कार्यमा कार्यमा विद्यार्थीहरुको सहभागितालाई हेर्दा २ जना (१६.६७%) शिक्षकहरुले अति उत्तम तरिकाले विद्यार्थीहरुलाई सहभागि गराएर शिक्षण गरेको, ४ जना (३३.३३%) ले उत्तम र मध्यम सहभागिता जनाउनेमा ६ जना (५०%) रहेको पाइयो ।

ज) विद्यार्थी केन्द्रित

विद्यार्थी केन्द्रित रहेर शिक्षणलाई हेर्दा जम्मा ६ जना (५०%) शिक्षकले अति उत्तम तरिकाले, ४ जना (३३.३३%) ले उत्तर  किसिमले र बाँकी २ जना (१६.६७%) शिक्षकले मध्यम किसिमबाट विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाएको पाइयो ।

झ) उदाहरणको प्रयोग

शिक्षणको क्रममा विषयवस्तुसँग सम्बन्धित उादहरणको प्रयोग गरी शिक्षण गर्नेमा जम्मा ४ जना (३३.३३%) शिक्षकले अति उत्तम किसिमबाट, ६ जना (५०%) ले उत्तम किसिमवाट र

बाँकी ४ जना (३३.३३%) शिक्षकहरुले मध्यम खालको उदाहरणहरु प्रस्तुत गरेको पाइयो । मध्यम खालका शिक्षकहरुलाई तालिम दिनु आवश्यक देखिन्छ ।

ञ) शिक्षक विद्यार्थी अन्तरक्रिया

शिक्षक विद्यार्थी अन्तरक्रियालाई हेर्दा ३ जना (२५%) शिक्षकले अति उत्तम किसिमवाट विद्यार्थी अन्तरक्रिया गरेको पाइयो भने ४ जना (३३.३३%) ले उत्तम किसिमवाट २ जना (१६.६७%) ले मध्यम किसिमवाट विद्यार्थी अन्तरक्रिया गराएको पाइयो । यसबाट के देखिन्छ भने मध्यम खालका २ जना र न्यून खालका ३ जना गरी जम्मा ५ जना शिक्षकहरुलाई विशेष सहयोग, तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

ट) प्रश्नोत्तरको प्रयोग

प्रश्नोत्तर विधिको प्रयोगलाई हेर्दा कक्षामा अति उत्तम किसिमबाट प्रश्नोत्तर गराउने जम्मा ३ जना (२५%) शिक्षक देखियो भने ५ जना (४१.६६%) ले उत्तम किसिमवाट, २ जना (१६.६६%) ले मध्यम किसिमबाट र २ जना (१६.६६%) ले शिक्षकले न्यून किसिमबाट प्रश्नोत्तर गराएको पाइयो । मध्यम २ जना र न्यून खालका गरी जम्मा ४ जना (३३.३३%) शिक्षकहरुलाई विशेष प्रशिक्षण तालिम आदि प्रदान गर्न वाञ्छनीय देखिन्छ ।

ठ) शिक्षण विधिको उपर्युक्तता

शिक्षण सिकाइमा प्रयोग गरिएको शिक्षण विधिको उपयुक्ततालाई हेर्दा केवल ४ जना (३३.३३%) शिक्षकले अति उत्तम शिक्षण विधि अपनाएको पाइयो भने ४ जना (३३.३३%) ले उत्तम खालको विधिको प्रयोग गरेको, ३ जना (२५%) ले मध्यम किसिमको र बाँकी १ जनाले न्यून किसिमवाट शिक्षण विधिको प्रयोग गरेको पाइयो । मध्यम खालका ३ तथा तालिमको आवश्यकता पर्ने देखिन्छ ।

ड) कालोपाटिको प्रयोग

कालोपाटिको प्रयोग गर्ने अवश्थाको सन्दर्भमा ५ जना (४१.६७%) शिक्षकले अति उत्तम तरिका ले प्रयोग गरेको देखियो भने ४ जना (३३.३३%) ले उत्तम किसिमको प्रयोग गरेको र २ जना (१६.६७%) ले मध्यम र बाँकी १ जना (८.३३%) शिक्षकले न्यून तरिकाले कालोपाटिको प्रयोग गरेको पाइयो । तसर्थ मध्यमरुपमा कालोपाटिको प्रयोग गर्ने र न्यून रुपमा कालोपाटि प्रयोग गर्ने शिक्षकहरुलाई विशेष तालिम तथा सहयोगको आवश्यकता देखिन्छ ।

ढ) विद्यार्थी मूल्याङ्कन

विद्यार्थी मूल्याङ्कनलाई हेर्दा कक्षा कोठामा अति उत्तम किसिमबाट विद्यार्थीको मौखिक मूल्याङ्कन गर्ने शिक्षक ४ जना (३३.३३%) रहेको पाइयो । ३ जनाले (२५%) उत्तम किसिमवाट विद्यार्थी मूल्याङ्कन गरेको पाइयो भने ४ि जना (३३.३३%) ले विद्यार्थी मूल्याङ्कन मध्यम किसिमवाट  र बाँकी १ जना (८.३३%) ले न्यून किसिमबाट विद्यार्थी मूल्याङ्कन गरेको पाइयो । मध्यम खालको मूल्याङ्कन गर्ने ४ जना र न्यून खालका मूल्याङ्कन गर्ने १ जना गरी जम्मा ५ जना (४१.६७%) शिक्षकहरुलाई विशेष सल्लाह र सहयोगको आवश्यकता देखिन्छ ।

ण) उद्देश्य प्राप्ति

शिक्षकहरुको शिक्षणसिकाई क्रियाकलापको उद्देश्य प्राप्तिलाई हेर्दा ४ जना (३३.३३%) शिक्षकहरुले अति उत्तम तरिकाले उद्देश्य प्राप्ति गरेको र ५ जना (४१.६७%) ले उत्तम तरिकाले उद्देश्य प्राप्ति गरेको पाइयो । त्यस्तै गरि २ जना (१६.६७%) ले मध्यम र १ जना (८.३३%) शिक्षकले अत्यन्तै निम्न उद्देश्य प्राप्ति गरेको पाइयो । तसर्थ मध्यम तरिकाले उद्देश्य प्राप्ति गर्ने २ जना र न्यून तरिकाले उद्देश्य प्राप्ति गर्ने १ जना गरी जम्मा ३ जना (२५%) शिक्षकलाई विशेष सहयोग, तालिम दिन आवश्यक देखिन्छ ।

त) गृहकार्य

शिक्षकहरुको शिक्षण सिकाइ पछिको गृहकार्यको अवस्थालाई हेर्दा ३ जना (२५%) शिक्षकले अति उत्तम तरिकाले गृहकार्य दिएको, ६ जना (५०%) ले उत्तम तरिकाले गृहकार्य दिएको पाइयो । त्यस्तै गरी १ जना (८.३३%) ले मध्यम तरिकाले र २ जना (१६.६७%) शिक्षकहरुले न्यून तरिकाले गृहकार्य दिएको पाइयो ।

तपाईको विद्यालयमा कुन कुन स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु सञ्चालित छन् भनी ६ जना प्र.अ. र १२ जना शिक्षकहरुलाई सोधिएको प्रश्नमा अधिकांश उत्तरदाताको उत्तर निम्नानुसार पाइयो ।

- विद्यालय निरीक्षण
- कक्षा अवलोकन
- अतिरिक्त क्रियाकलाप
- नियमित प्र.अ. वैठक
- आवश्यकता अनुसार तालिम र गोष्ठि

त्यसैगरी शोधकर्ताले ६ जना प्र.अ. लाई अतिरिक्त क्रियाकलापमा स्रोतव्यक्तिको भूमिका कस्तो रहेको छ भन्ने प्रश्नमा सवै अर्थात १००% प्र.अ. सन्तोषजनक छ भन्ने जवाफ दिएको पाइयो ।

उपर्युक्त बमोजिमका कार्यक्रमहरु बाहेकका अन्य कार्यक्रमहरुमा पनि स्रोतकेन्द्रले सञ्चालन गर्दै आएका र यी कार्यक्रमहरुले विद्यालयको क्षमता अभिवृद्धि गर्ने, शिक्षकहरुको पेशागत दक्षता विकास गर्ने, समग्र विद्यार्थी सिकाइ उपलब्धिहरुलाई वृद्धि गर्ने नेतृत्वदायी भूमिका निभाउनको लागि स्रोतकेन्द्रहरुले उल्लेखनीय भूमिका खेलेको जवाफ प्राप्त भएका छन् ।

## ४.२. स्रोतकेन्द्रस्तरीय कार्यक्रमका समस्या

स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु सञ्चालन गर्ने जिम्मेवारी पाएका स्रोतव्यक्तिहरुलाई कार्यक्रम सञ्चालन र कार्यन्वयन गर्दा विभिन्न समस्याहरु देखा पर्दछन् । उक्त समस्याको समाधान

गरी अगाडि लैजान सकेमात्र कार्यक्रमको प्रभावकारिता रहन सक्दछ । सो सम्बन्धमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु सञ्चालन गर्दा विभिन्न समस्याहरु देखा पर्न सक्दछन् । स्रोतव्यक्तिमा तालिमको अभाव, आर्थिक अभाव, सहभागिताको कमी, सहभागी कम, उपस्थिति, पेशा प्रति पतिवद्धताको कमी, स्पष्ट नीति नियम हुन नसक्दा सूचना समयमै पुग्न नसक्नु । स्रोतव्यक्तिको अनुभवमा कमि, भौगोलिक कठिनाई, विषयगत स्रोतव्यक्ति नहुनुजस्ता समस्यमहरु रहन सक्दछन् । त्यसैले यस अध्ययनमा शोधकर्ताले स्रोतकेन्द्रस्तरीय कार्यक्रमका समस्याहरु के के छन् भनि सोधेको प्रश्नमा प्राप्त उत्तरहरुलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तलिका नं. १०

स्रोतकेन्द्रस्तरीय कार्यक्रम कार्यन्वयनका समस्याहरु :

| क.स. | समस्याहरु | स्रोतव्यक्तिहरु (३ जना) | प्र.अ.(६ जना) |
|---|---|---|---|
| १. | तलिमको अभाव | १ | ४ |
| २. | आर्थिक सुविधाको अभाव | २ | २ |
| ३. | सहभागितामा कमि | ३ | ६ |
| ४. | अन्य प्रशासनिक कार्यहरु गर्नु पर्ने | ३ | ३ |
| ५. | पेशा प्रति प्रतिवद्धताको कमि | - | ४ |
| ६. | विषयगत स्रोतव्यक्ति नहुनु | २ | ४ |
| ७. | स्पष्ट नीति नियम नहुनु | २ | ४ |
| ८. | सूचनाको अभाव | १ | ६ |
| ९. | अनुभव तथा योग्यताको कमि | २ | ४ |
| १०. | शैक्षिक वातावरण उपयुक्त नहुनु | २ | ५ |
| ११. | निरीक्षण प्रतिवेदन कार्यन्वयन नहुनु | २ | ३ |
| १२. | भौगोलिक कठिनाई | ३ | ३ |
| १३. | दण्ड र पुरस्कारको व्यवस्था नहुनु | २ | ४ |
| १४. | स्रोत केन्द्र स्तरीय कार्यक्रम गर्न सहायक कर्मचारी व्यवस्था नहुनु | ३ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण

उपयुक्त तालिकालाई दृष्टिगत गर्दा निम्न समस्याहरुमा प्राप्त प्रतिक्रियाहरुलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

तालिमको अभाव

तालिम प्राप्त व्यक्तिले मात्र आफ्नो पेशामा उपयुक्त ढंगले आफ्नो कार्य सम्पादन गर्न सक्छ । स्रोतव्यक्तिहरुलाई पूर्णरुपमा सेवाकालिन तालिम, पुनर्ताजगी तालिम, विषयगत तालिमको पर्याप्तताको कारण निरीक्षण कार्यमा बाधा परेको स्रोतव्यक्ति १ जना (३३.३३%) र ३ जना (५०%) प्र.अ. ले स्रोतव्यक्तिमा तालिमको अभाव भन्ने जवाफ दिएका छन् । यसबाट के कुराको पुष्टि हुन्छ भने स्रोतव्यक्तिमा पेशागत तालिम, सेवाकालिन, पूर्वसेवाकालिन र पुनर्ताजगी तालिमको आवश्यकता रहेको पाइयो ।

आर्थिक सुविधाको अभाव

स्रोतव्यक्तिहरुलाई आफ्नो पेशामा निर्विघ्नताका साथ काम गर्न केहि आर्थिक सुविधाको आवश्यकता पर्दछ । स्रोतव्यक्तिले शिक्षकको दरबन्दी अनुसारको तलबमा फिल्ड भत्ता भनेर मासिक रु. १८००।- (अठार सय) पाउँदछन् । हरेक स्रोतकेन्द्रलाई जि.शि.का.ले वार्षिक ५० हजार उपलब्ध गराउँछ । त्यसवाट रु. २५ हजार आफ्नो शैक्षिक क्षेत्रको आवस्था अनुसन्धान गर्न र बाँकी रु. २५ हजार कार्यालय व्यवस्थापनमा खर्च गर्नु पर्दछ । सो रकम स्रोतकेन्द्रका प्र.अ. र शिक्षकको वैठक राख्दाको चिया खाजा मै सकिन्छ । स्रातेव्यक्तिको कार्यक्षेत्र फिल्ड भएको हुनाले फिल्डमा हिड्दा उनीहरुलाई ट्रेनिङ्ग व्याग, टर्चलाईट, छाता, जुत्ता, स्लीपीङ्ग व्याग आदि सामग्री परिपूर्ति गर्न नसकिएको हुनाले विद्यालय निरीक्षण प्रभावकारी हुन नसकेको भन्ने जवाफ २ जना स्रोतव्यक्तिहरु (६६.६७%) र २ जना प्र.अ. (३३.(३३%) हरुले दिएको पाइयो  भने स्रतकेन्द्रमा बोलाइएका कार्यक्रम गर्दा पनि सहभागीहरुलाई आतेजाते र खाजा खर्च नभएको कारण स्रोतकेन्द्रमा सञ्चालित कार्यक्रमहरुमा सहभागिता कम भएको जवाफ पनि पाईयो ।

सहभागितामा कमी

स्रोतकेन्द्रस्तरीय कार्यक्रमलाई प्रभावकारी ढंगले सुसञ्चालन गरी अपेक्षित उद्देश्यहरु

प्राप्तिका लागि सरोकारवाला र निमन्त्रणा गरिएका सवै पक्षहरुले समान रुपमा सहभागिता जनाउनु पर्ने हुन्छ । यसै सन्दर्भमा निमन्त्रणा गरिएका पक्षहरुले सहभागिता नजनाएको अर्थात सहभागी नभएको भन्ने जवाफ दिनेमा ३ (१००%) जना स्रोतव्यक्तिहरु रहेका छन् भने भौगोलिक कठिनाई, समयमा सूचना प्राप्त नहुने, टाढाबाट धाएर कार्यक्रममा जानुपर्ने कार्यक्रममा जाँदा आतेजातेको व्यवस्था नहुने कारणले गर्दा आफू पनि सहभागी हुन र विद्यार्थीलाई निपूर्ण रुपमा सहभागी गराउन नसकिएको कुरा ३ जना प्र.अ. (५०%) हरुले बताएको पाइयो ।

अन्य प्रशासनिक कार्यहरु गर्नु पर्ने

स्रोतव्यक्तिलाई विद्यालय निरीक्षणको अलवा अन्य विविध कार्यहरुमा समेत संलग्न गराइएको पाइयो । स्रोतव्यक्तिलाई परीक्षा सञ्चालन अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्य, शैक्षिक तथ्याङ्क विश्लेषण, विद्यालय व्यवस्थापन समितिको वैठक इत्यादि जस्ता कार्यहरुमा वा अन्य कुनै समस्या परेमा कार्यालयको प्रतिनिधिको रुपमा खटाई कार्यमा लागाउनाले अपेक्षित निरीक्षण कार्यमा समय दिन नपाउने गरेको पाइन्छ । यस शीर्षकमा ३ जना (१००%) स्रोतव्यक्तिले आफुलाई प्रशासन सम्बन्धी काम गर्न लागइएको कुरा स्वीकार गरे भने ३ जना अर्थात (५०%) प्र.अ.ले पनि स्रोतव्यक्ति अन्य प्रशासनिक कार्यमा अल्झेको आशय व्यक्त गरे ।

पेशाप्रति प्रतिवद्धताको कमी

जुनसुकै पक्ष वा क्षेत्रमा रहेको व्यक्तिले पनि आफ्नो पेशा वा जिम्मेवारीलाई अत्यन्तै महत्वपूर्ण ठानेर गहन ढंगले पुरागर्नु पर्ने हुन्छ । अधिकांश स्रोतव्यक्तिहरुले अर्थात ३ जना (१००%) ले नै आफू पेशा प्रति प्रतिवद्ध भएको कुरा व्यक्त गरेको पाइएता पनि ४ जना (६६.६७%) प्र.अ. को दृष्टिकोणमा स्रोतव्यक्तिहरु आफ्नो पेशाप्रति प्रतिवद्ध नभएको धारणा व्यक्त गरेको पाइयो ।

विषयगत स्रोतव्यक्तिहरु नहुनु

स्रोतव्यक्तिहरुको कार्य नितान्त प्राविधिक भएकोले उनीहरु आफ्नो पेशाप्रति दक्ष, सक्षम र विषयगत ज्ञान हासिल गरेको हुनु पर्ने जरुरी छ । स्रोतव्यक्तिहरु विषयगत हुन नसकेकोले

कक्षा निरीक्षण र अवलोकन गरी शिक्षकलाई सुझाव दिन असमर्थ भएको कुरालाई स्रोतव्यक्तिहरु २ जना (६६.६७%) प्र.अ. हरुले स्रोतव्यक्तिहरु विषयगत दक्षता हासिल गरेको नभई हचुवा ढंगवाट नियुक्ती भएको भन्ने पुष्टि गरेका छन् ।

स्पष्ट नीति नियम नहुनु

शिक्षा मन्त्रालयले १३ अजोज २०६८ मा जारी गरेको स्रोतव्यक्ति व्यवस्थापन निर्देशिकामा एकजना स्रोतव्यक्तिले एक महिनामा कम्तिमा १० वटा विद्यालय निरीक्षण गरी २० वटा नमुना पाठ लिनुपर्ने व्यवस्था छ । देशभरीका ३३ हजार १६० विद्यालयको गुणस्तर सुधारको जिम्मा १ हजार ५३ जना स्रोतव्यक्तिको काँधमा छ । यो १:३३ को अनुपात हो अर्थात १ जना स्रोतव्यक्तिले ३३ वटा विद्यालयको गुणस्तर सुधार गर्नु पर्ने हुन्छ ।  एउटै व्यक्तिको भागमा धेरै स्कूल परेकाले कार्य सफल हुन नसकेको कुरा अर्थात नीति नियम नै सही नभएको कुरा २ जना स्रोतव्यक्ति (६६.६७%) ले स्वीकार गरेको पाइयो भने ४ जना प्र.अ. ( ६६.६७%) ले पनि उक्त कुरालाई स्वीकार गरेको पाइयो ।

सूचनाको अभाव

कुनै पनि कार्य सञ्चालन गर्दा त्यस कार्य सम्बन्धि सूचना समयमा नै पुग्नु पर्ने हुन्छ , तोकिएको समयमा सूचना नआएकाले पनि कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नसकिएको भन्ने जवाफ २ जना (६६.६७%) स्रोतव्यक्ति एवं ४ जना (६६.६७%) प्र.अ.ले व्यक्त गरेको पाइयो ।

अनुभव तथा योग्यताको कमी

कुनै पनि काम राम्रोसँग सम्पन्न गर्नको निम्ति अनुभवी र योग्य कर्मचारीको आवश्यकता पर्दछ । प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक सक्षमता अनुभव एवं तालिम आदि जस्ता कुराहरु आवश्यक हुन्छन् । शिक्षा ऐन २०२८ र नियमावली २०५९ ले विद्यालय निरीक्षण गर्नको लागि शिक्षा शास्त्रमा स्नातक गरेको व्यक्ति हुनुपर्ने व्यवस्था छ त्यस्तै गरी स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ मा पनि स्रोतव्यक्ति हुनको लागि शिक्षाशास्त्रमा स्नातक उर्त्तीण गरेको वा सो सरह हुनु पर्ने व्यवस्था छ यस अर्थमा +२ सञ्चालन भएका वा नभएका मा.वि. तहका विद्यालयमा स्नातकोत्तर उत्तिर्ण गरेका

शिक्षकहरु हुने हुँदा उनीहरुको कक्षा अलोकन गरी फिडव्याक दिन असजिलो भएको कुरा २ जना (६६.६७%) स्रोतव्यक्तिले स्वीकार गरेको पाइयो भने ४ जना (६६.६७%) प्र.अ.हरुले पनि स्रोतव्यक्तिको योग्यताको मापदण्डमा कमि भएको कुरा वताएको पाइयो ।

शैक्षिक वातावरण उपयुक्त नहुनु

कुनै पनि कार्य उपर्युक्त ढंगले सम्पन्न गर्नलाई उक्त कार्य गर्ने वातावरण पनि उपयुक्त हुनुपर्छ । स्रोतव्यक्तिलाई निश्चितताका साथ काम गर्न देशमा आर्थिक, राजनैतिक, सामाजिक वातावरण उपयुक्त हुनुपर्छ । तर शैक्षिक वातावरण पनि प्रभावकारी हुनको निमित्त आवश्यक व्यवस्था उपयुक्त हुनुपर्छ । शैक्षिक वातावरण उपयुक्त हुनको लागि आवश्यक कुराहरुको पनि व्यवस्था राम्रो हुनुपर्दछ जस्तो पुस्तकालय, भवन, फर्निचर, पाठ्यक्रम, पाठ्पुस्तक, शिक्षक निर्देशिका, शैक्षिक रामग्री, अध्ययन कक्षा आदि। स्रोतव्यक्तिलाई राजनीतिक अवस्थाका आधारमा हेर्नु, पूर्वाग्रही वातावरणमा रहनु आदिका कारणले गर्दा उपयुक्त ढंगले वातावरण तयार हुनसकेको भन्ने उत्तरहरु २ जना (६६.६७%) स्रोतव्यक्ति र ४ जना (६६.६७%) प्र.अ. हरुबाट प्राप्त भयो ।

निरीक्षण प्रतिवेदनको कार्यन्वयन नहुनु

स्रोतव्यक्तिहरुबाट विद्यालय निरीक्षण कार्य सम्पन्न भएपछि विद्यालयहरु र स्रोतकेन्द्रको यथार्थताका बारेमा राम्रा पक्षहरु भइरेका कामकार्यहरु, कमजोरीहरु तथा विद्यालयको सर्वोत्तम हितको निम्ति सुझाब सहितको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्ने देखिन्छ । यसरी स्रोतव्यक्तिले जिल्ला शिक्षा कार्यालयमा पेश गरेको निरीक्षण प्रतिवेदन कार्यन्वयन हुन नसक्नुलाई ३ जना (१००%) स्रोतव्यक्ति र ३ जना (५०%) प्र.अ. हरुले समस्याको रुपमा औँल्याए ।

भौगोलिक कठिनाई

स्रोतव्यक्तिहरुलाई हरेक विद्यालयमा गएर निरीक्षण गर्ने कार्यमा भौगोलिक विकटताले गर्दा गाह्रो भएको, यसै कारण स्रोतकेन्द्रमा सञ्चालन हुने कार्यक्रममा पनि सवै जना सहभागी हुन नसकेको कुरा ३ जना (१००%) स्रोतव्यक्ति एवं ३ जनै (५०%) प्र.अ. हरुले बताएका छन् ।

दण्ड र पुरस्कारको व्यवस्था नहुनु

कुनै पनि व्यक्तिलाई कुनै पनि कार्य प्रभावकारी ढंगवाट सञ्चालन गर्नको लागि दण्ड र पुरस्कारले महत्वपूर्ण स्थान राख्दछ राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था भयो भने मात्र काम गर्नेले दण्ड वा पुरस्कार पाउने आशाले कामप्रति अग्रसर हुन्छ । नराम्रो काम गर्ने व्यक्ति पनि दण्ड पाउने डरले राम्रो काम गर्न अग्रसर हुन्छ यसै सवालमा दण्ड र पुरस्कारको व्यवस्था नहुनुलाई २ जना (६६.६७%) स्रोतव्यक्ति र ४ जना (६६.६६७%) प्र.अ. हरुले समस्याको रुपमा औँल्याएको पाइयो ।

स्रोतकेन्द्रस्तरीय कार्यक्रम गर्न सहायक कर्मचारीको व्यवस्था नहुनु

स्कूलको शैक्षिक गुणस्तर सुधार र ि शक्षकको पेशागत विकासमा सहयोग पुऱ्याउने उद्देश्यले व्यवस्था गरिएका स्रोतव्यक्तिहरुलाई  शिक्षा विभाग र जि.शि.का.को प्रशासनिक खाँचो पूर्ति गर्ने काममा सीमित गरिएका कारण स्रोतव्यक्तिको औचित्य र आवश्यकतामै प्रश्न उठ्न थालेको छ । तर स्रोतव्यक्तिहरुलाई स्रोतकेन्द्रस्तरीय कार्यक्रममा मात्र सिमित गर्नुपर्ने हुन्छ । त्यस्तै गरी स्रोतकेन्द्रमा आवश्यक स्रोत र साधनहरु परिपूर्ति गराएर अर्को सहायक कर्मचारी खटाउँदा स्रोतव्यक्ति कारणवस स्रोतकेन्द्रमा उपस्थित हुन नसक्दा स्रोतकेन्द्र बन्द नहुने र स्रातेव्यक्तिलाई पनि सहयोग हुने जवाफ ३ जना (१००%) स्रोतव्यक्ति र ३ जनै (५०%) प्र.अ. हरुले वताएको पाइयो ।

## ४.३. स्रोतकेन्द्रस्तरीय कार्यक्रम प्रभावकारी बनाउने उपायहरु

तालिका नं.९ मा भएका समस्याहरु स्रोतकेन्द्रस्तरीय कार्यक्रम कार्यन्वयन गर्दा देखिएका समस्याहरु हुन् । कुनै पनि समस्याहरु समाधान गर्ने उपायहरु हुन्छन् ती मध्ये सबै भन्दा उत्तम उपाय अपनाउनु बुद्धिमानी ठहर्छ । स्रोतकेन्द्रस्तरीय कार्यक्रम प्रभावकारी भयो भने मात्र शिक्षकहरुको पेशागत विकासमा सहयोग  पुग्नुका साथै स्कुलको शैक्षिक गुणस्तरमा सुधार हुन्छ । त्यसकारण स्रोतकेन्द्रस्तरीय कार्यक्रमलाई प्रभावकारी बनाउन निम्न पक्षहरुमा सुधार गर्नु पर्ने देखिन्छ । स्रोतव्यक्तिहरुलाई नियमित तालिम हुनुपर्ने, स्रोतव्यक्तिको अनुगमन र मुल्याङ्कन हुनुपर्ने आर्थिक सहुलियत बढाउनुपर्ने, आवश्यक अधिकार प्रत्यायोजन गर्नु पर्ने, स्वच्छ शैक्षिक वातावरण सृजना गर्नु पर्ने, निरीक्षण प्रतिवेदनको कार्यन्वयन तत्काल गर्नुपर्ने,

विषयगत स्रोतव्यक्ति नियुक्ति हुनुपर्ने, स्रोतसाधनको व्यवस्था गर्नुपर्ने र स्रोतव्यक्तिलाई प्रशासनिक काममा भन्दा विद्यालय निरीक्षण, कक्षा अवलोकन, नमुना पाठ प्रदर्शनमा मात्र लगाउन सकेमा मात्र स्रोतकेन्द्रस्तरीय कार्यक्रम प्रभावकारी हुने देखिन्छ । सम्बद्ध उत्तरदाताहरुबाट प्राप्त उत्तरहरुलाई निम्नानुसारको तालिकामा स्पष्ट पारिएको छ । जुन निम्नानुसार छ ।

तालिका नं. ११

स्रोतकेन्द्रस्तरीय कार्यक्रम प्रभावकारी वनाउने उपायहरु

| क्र.सं. | विवरण | स्रोतव्यक्तिहरु | प्र.अ.हरु |
|---|---|---|---|
| १. | आवश्यकताका आधारमा नियमित तालिम प्रदान गनुपर्ने | ३ | ४ |
| २. | स्रोतव्यक्तिको कामको अनुगमन मुल्याङ्कन हुनुपर्ने | २ | ६ |
| ३. | आर्थिक सहुलियता र सुविधा प्रदान गर्नु पर्ने | ३ | ६ |
| ४. | स्रोतव्यक्तिहरुको योग्यताको मापदण्डमा सुधार गर्नु पर्ने । | २ | ६ |
| ५. | आवश्यक अधिकार प्रत्यायोजन गर्नुपर्ने । | २ | ४ |
| ६. | स्वच्छ शैक्षिक वातावरण सिर्जना हुनुपर्ने । | ३ | ६ |
| ७. | विशुद्ध सुपरिवेक्षण नीति निर्माण गर्नुपर्ने | २ | ३ |
| ८. | निरीक्षण प्रतिवेदनको कार्यन्वयन हुनुपर्ने | ३ | ६ |
| ९. | दक्षताको आधारमा विषयगत स्रोतव्यक्तिहरु नियुक्ती गर्नुपर्ने | ३ | ६ |
| १०. | पुरस्कार र दण्डको व्यवस्था हुनुपर्ने | २ | ६ |
| ११. | स्रोत र साधनको व्यवस्था हुनुपर्ने | ३ | ६ |
| १२. | स्रोतव्यक्तिहरुलाई प्रशासनिक काममा नलगाउनु पर्ने | ३ | ६ |

स्रोत : स्थलगत सर्वेक्षण

यस शोधमा उत्तरदाता स्रोतव्यक्ति ३ जना र ६ जना प्र.अ. वाट प्राप्त जवाफहरुमा आधारित वर्तमान निरीक्षण प्रणाली सुधार गर्नुपर्ने पक्षहरु सम्बन्धमा माथिको तालिका तथ्याङ्कलाई निम्नानुसार विश्लेषण गरिन्छ ।

१. आवश्यकताका आधारमा नियमित तालिम प्रदान गर्नु पर्ने

विद्यालय निरीक्षणलाई प्रभावकारी बनाउन स्रोतकेन्द्रस्तरीय अन्य कार्यक्रमलाई प्रभावकारी बनाउनको निम्ति स्रोतव्यक्ति विषयवस्तु प्रति दक्ष र विज्ञ हुनु आवश्यक छ । वर्तमान अवस्थामा स्रोतव्यक्तिको योग्यता शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था छ । स्रोतव्यक्तिहरुलाई कुनै पनि तालिमहरु प्रदान गर्दा आवश्यकतामा आधारित रहेर हुनुपर्ने, विषयवस्तुहरु बदलिदो परिस्थिति अनुसार हुनुपर्ने जवाफ ३ जना (१००%) स्रोतव्यक्ति र ४ जना (६६.६७%) प्र.अ.हरुबाट प्राप्त भयो ।

२. स्रोतकेन्द्रस्तरीय कार्यक्रम र स्रोतव्यक्तिको कामको अनुगमन मूल्याङ्कन हुनुपर्ने

स्रोतकेन्द्रद्वारा सञ्चालित कार्यक्रम स्रोतव्यक्तिले सञ्चालन गर्नेहुँदा कामको प्रभावकारिता र नियमितता इत्यादिका विषयमा सम्बन्धित निकायहरुबाट अनुगमन, मूल्याङ्कन नभइदिनाले प्रभावकारी  र नियमित ढंगवाट विद्यालय निरीक्षण एवं स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन हुन नसकेको कुरालाई २ जना (६६.६७%) स्रोतव्यक्ति र ६ जना (१००%) प्र.अ.हरुले व्यक्त गरेका छन् ।

३. आर्थिक सहुलियत र सुविधा प्रदान गर्नुपर्ने

स्रोतव्यक्तिलाई आवश्यक पर्ने आर्थिक सुविधा, दैनिक भ्रमण भत्ता आदि फिल्डमा जाँदै प्रदान गर्नुपर्ने । यसको अलवा टर्चलाईट, व्याग, छाता, स्लिपिङ्ग व्याग जस्ता आवश्यक पर्ने साधनहरुको व्यवस्था गर्नुपर्नेमा ३ जना (१००%) स्रोतव्यक्ति र ६ जना (१००%) प्र.अ. हरुले व्यक्त गरेको पाइयो ।

४. स्रोतव्यक्तिहरुको योग्यताको मापदण्डमा सुधार गर्नुपर्ने

स्रोतव्यक्ति हुनको लागि अझै पनि  शिक्षासास्त्रमा स्नातक उत्तीर्ण गरेको वा सो सरहको परीक्षा उत्तीर्ण गरी १० महिने तालिम लिएको हुनुपर्ने व्यवस्था छ । यसले गर्दा अधिकांस

विद्यालयहरुमा स्नातकोत्तर तह उत्तीर्ण गरेका शिक्षकहरु हुने हुँदा उनीहरुको कक्षा अवलोकन गरी फिडव्याक दिन असजिलो हुने हुँदा यो मापदण्डमा सुधार गर्नु पर्ने कुरा २ जना (६६.६७%) स्रोतव्यक्ति र  ६ जना (१००%) प्र.अ. हरुले बताएको पाइयो ।

५. आवश्यक अधिकार प्रत्यायोजन गर्नुपर्ने

विद्यालहहरमा शैक्षिक वातावरणमा अनुशासन कायम राख्न र शैक्षिक क्रियाकलापअरुलाई उन्नत बनाउन सघाउ पुग्ने खालका अधिकारहरु स्रोतव्यक्तिलाई प्रत्यायोजन गर्न सकिएको खण्डमा विद्यालय निरीक्षण कार्य प्रभावकारी हुने कुरा २ जना (६६.६७%) स्रोतव्यक्ति र ४ जना (६६.६७%) प्र.अ. हरुले व्यक्त गरेका छन् ।

६. स्वच्छ शैक्षिक वातावरणको सिर्जना गर्नुपर्ने

शिक्षा विकासको निम्ति शैक्षिक वातावरण उपर्युक्त हुनुपर्ने तथ्य निर्विवाद छ । नेपालमा सत्ता प्राप्तिको लागि राजनैतिक दलहरुले शैक्षिक क्षेत्रलाई सँधै हतियारको रुपमा प्रयोग गर्ने गरेको पाइन्छ । पञ्चायतकालमा पञ्चायतको संरक्षणमा शैक्षिक जगत र शैक्षिक क्रियाकलापबाट गर्ने सोच अगाडि सऱ्यो भने प्रजातन्त्रको पुनर्वाहाली पछि पनि राजनीतिक दलहरुले शिक्षा क्षेत्रलाई राजनीतिक स्वार्थ पुरा गर्ने माध्यको रुपमा लिन चाहे । राजनैतिक दलहरुले सत्ता प्राप्त गर्न साथ शिक्षा नीतिमा पनि परिवर्तन गर्न अग्रसर रहेनन् । आफ्नो पक्ष र अर्काको पक्ष भनि वर्गिकरण र विभेदको नीति लिने जस्ता क्रियाकलापहरुले पनि शिक्षा क्षेत्र अन्यौलमा परेको छ भन्ने जवाफ ३ जना (१००%) स्रोतव्यक्ति र ६ जना (१००%) प्र.अ.हरुले व्यक्त गरेका छन् ।

७. विशुद्ध सुपरिवेक्षण नीति ल्याउनुपर्ने

शैक्षिक कार्यक्रमहरु प्रशासनिक पक्षमा बढी अलमल पर्नुपर्ने प्रशासनिक पक्षले शैक्षिक पक्षलाई पछाडि पारेको महसुस गरिएको छ । स्रोतव्यक्तिहरुका अनुसार उनीहरुका कामहरुले महत्व नपाउने गरेको परिपेक्षयमा निरीक्षण कार्य सम्बन्धमा छुट्टै नीति, कार्यनीति र सोच बनाउनुपर्ने २ जना (६६.६७%) स्रोतव्यक्तिहरु र ४ जना (६६.६७%) प्र.अ.हरुले व्यक्त गरेका छन् ।

८. निरीक्षण प्रतिवेदनको कार्यन्वयन हुनुपर्ने

स्रोतव्यक्तिहरुवाट विद्यालय निरीक्षण कार्य सम्पन्न भए पछि विद्यालयहरुको यर्थाथताका बारेमा राम्रा पक्षहरु भइरहेका कामकार्यहरु, कमजोरीहरु त्था विद्यालयको सर्वोत्तम हितको निम्ति सुझाब सहितको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्ने हुन्छ। उक्त प्रतिवेदनको कार्यन्वयन भएमा मात्र स्रोतकेन्द्रस्तरीय कार्यक्रमलाई अझ प्रभावकारी ढंगवाट सु-सञ्चालन गर्न सकिन्छ भन्ने जवाफ ३ जना (१००%) स्रोतव्यक्ति र ६ जना (१००%) प्र.अ.हरुवाट प्राप्त भएको छ।

९. दक्षताको आधारमा विषयगत स्रोतव्यक्तिहरु नियुक्त गनुपर्ने

नियुक्ति हुनुपर्ने स्रोतव्यक्तिहरु दक्ष र योग्य नभएमा शैक्षिक नेतृत्व प्रदान गर्न असमर्थ हुन्छन्। शिक्षकहरुलाई नेतृत्वबाट सन्तुष्टि प्रदान गर्नको निम्ति स्रोतव्यक्तिहरुमा विषयगत दक्षता र व्यक्तिगत क्षमता उच्च हुनु जरुरी छ भन्ने जवाफ ३ जना (१००%) स्रोतव्यक्ति र ६ जना (१००%) प्र.अ.हरुले व्यक्त गर्नु भएको छ।

१०. पुरस्कार दण्डकोव्यवस्था हुनुपर्ने

राम्रो काम गर्ने व्यक्ति जहाँ तही मान्य हुन्छ। नराम्रो काम गर्ने व्यक्तिलाई पनि दण्डको वा सजायको व्यवस्था हुने हो भने दण्ड पाउने डरले गर्दा व्यक्ति राम्रो राम्रो काम गर्न तर्फ अग्रसर हुन्छ। त्यसैले स्रोतव्यक्तिको कामको मूल्याङ्कन गर्दा दण्ड र पुरस्कारको व्यवस्था हुनु पर्छ भन्ने जवाफ २ जना (६६.६७%) स्रोतव्यक्ति र ६ जना (१००%) प्र.अ.हरुले दिएकाछन्।

११. स्रोतसाधनको व्यवस्था हुनु पर्ने

स्रोतव्यक्तिहरुले आफ्नो स्रोतकेन्द्रमा विभिन्न किसिमका तालिम, छलफल, अन्तरक्रिया र गोष्ठि आदि सञ्चालन गर्नुपर्ने हुन्छ उक्त कार्यक्रमहरु सफल तरिकाले सञ्चालन गर्नको लागि स्रोतकेन्द्रहरुमा विभिन्न स्रोत र साधनहरुको व्यवस्था हुनुपर्दछ भन्ने जवाफ ३ जना (१००%) स्रोतव्यक्ति र ६ जना (१००%) प्र.अ.हरुले दिएको छन्।

१२. स्रोतव्यक्तिहरुलाई प्रशासनिक काममा नलगाउनु पर्ने

स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालनमा स्रोतव्यक्ति सदैव लागिरहनु पर्दछ। यस्तो शैक्षिक

व्यक्तिलाई कार्यलयको प्रशासनिक काममा अल्मल्याउनु हुँदैन भन्ने जवाफ ३ जना (१००%) स्रोतव्यक्ति र ५ जना (१००%) प्र.अ.हरुले दिएको छन् ।

# परिच्छेद पाँचः

# निष्कर्ष र सुझावहरु

## ५.१. निष्कर्ष

वर्तमान समयमा सञ्चालन हुँदै आइरहेको स्रोतकेन्द्रस्तरीय कार्यक्रमको अवस्था कस्तो छ ? कार्यक्रम सञ्चालनमा के कस्ता कमजोरीहरु रहेका छन् ? ती कमजोरीहरु लाई कसरी निराकरण गरी उपर्युक्त र प्रभावकारी निरीक्षण कार्य र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ? भन्ने प्रश्नहरुमा केन्द्रित रही संखुवासभा जिल्लालाई अध्ययनको क्षेत्र वनाई यो सोध तयार गरिएको हो । यसलाई पुरा गर्ने क्रममा संखुवासभा जिल्लाका ३ जना स्रोतव्यक्ति, ६ जना, प्र.अ. १२ जना शिक्षक एवं २४ विद्यार्थीलाई नमुनाको रुपमा लिई उनीहरुवाट सूचना र तथ्याङ्कहरु प्राप्त गरी प्राप्त गरिएको तथ्याङ्कहरुको विश्लेषणवाट केही सकरात्मक कुराहरु र केही सुधारात्मक पक्षहरु प्राप्त भएका छन् ।

जसलाई निम्ननानुसार निष्कर्षको रुपमा निकालिएको छ ।

१. प्रत्येक स्रोतकेन्द्रमा स्रोतव्यक्तिको पदपूर्ति पूर्ण रुपमा भएको देखिन्छ ।
२. भौगोलिक अवस्थाले गर्दा स्रोतकेन्द्र अन्तरगतका समूह विद्यालयहरु फरक फरक रहन गएको पाइयो ।
३. स्रोतव्यक्तिले सञ्चालन गर्दै आएका स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरुमा मुख्यतया प्र.अ. वैठक, अतिरिक्त क्रियाकलाप, सचेतना गोष्ठि, पुनर्ताजगी तालिम, लोकगीत प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, आम भेला जस्ता कार्यक्रमहरु प्रभावकारी ढंगले सञ्चालन भएको पाइयो ।
४. विद्यालयहरुमा व्यवस्थापन समितिको वैठक नियमित रुपमा वस्ने गरेको, शैक्षिक निर्णयहरु गर्ने गरेको पाइयो ।
५. सवैजसो स्रोतकेन्द्रले स्रोतकेन्द्रस्तरीय प्रोफायल खडा गरी स्रोतकेन्द्रका रेकर्डहरु अद्यावधिक गरेको पाइयो ।
६. अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने प्राय सबै स्रोतकेन्द्र पाइयो ।

७. पाठ्यक्रम पाठ्यपुस्तक, सन्दर्भ सामग्री र अन्य सहयोगी पुस्तकहरु स्रोतकेन्द्रमार्फत विद्यालयमा पुऱ्याउने गरेको देखियो ।

८. विद्यार्थीहरुलाई प्रदान गर्ने छात्रवृत्तिहरु -गरिब छात्रवृत्ति, दलित छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति) आदि स्रोतकेन्द्र मार्फत नै पुऱ्याउने गरेको देखियो ।

९. विद्यालय निरीक्षण भएता पनि तोकिए अनुसार नभएको देखियो ।

१०. स्रोतव्यक्तिवाट कक्षा अवलोकन उपयुक्त मात्रामा भएको देखियो ।

११. कक्षा अवलोकन पछि स्रोतव्यक्तिले शिक्षकहरुले अपेक्षा गरे अनुसारको सहयोग पाउन नसकेको देखियो ।

१२. कक्षा अवलोकनको अवस्थामा शिक्षकहरुले अपेक्षा गरे अनुसारको सहयोग पाउन नसकेको देखियो ।

१३. शिक्षकहरुलाई शिक्षण सिकाइ कार्यमा आत्मनिर्देशित बन्न सहयोग पुऱ्याउन सकेको देखिदैन ।

१४. स्रोतकेन्द्रका कार्यक्रमहरु र विद्यालयहरुको कार्यक्रमको बीचमा समन्वय हुन नसकेको पाइयो ।

१५. स्रोतव्यक्तिहरुमा दक्षता, तालिम र सीपको अभाव देखियो ।

१६. स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन गरे नगरेको मूल्याङ्कन गर्ने परिपाटी देखिएन ।

१७. विषयगत स्रोतव्यक्तिहरु खासगरी अंग्रेजी, गणित र विज्ञान जस्ता विषयको विषयगत रुपमा नियुक्ति हुन नसक्नुले समस्याहरु जहाँको तही रहेको पाइयो ।

१८. विद्यालय निरीक्षणबाट प्राप्त सूचनाका आधारमा स्रोतव्यक्तिले दिएका सुझाबहरु कार्यन्वयन नभएको पाइयो ।

## ५.२. सुझाबहरु

शिक्षा मन्त्रालयले विद्यालयको शैक्षिक गुणस्तर बृद्धिका लागि विभिन्न नीति तथा कार्यक्रममहरु कार्यन्वयनमा ल्याइएता पनि आशातित सफलता प्राप्त गर्न सकेको छैन । प्रस्तुत अध्ययनको सारांश र निष्कर्षको आधारमा प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरुलाई प्रभावकारी बनाई शैक्षिक गुणस्तर वृद्धिका लागि नीतिगत तह,

कार्यान्वयनगत गत र अनुसन्धान तहको लागि निम्नननुसार छुट्टा छुट्टै सुझावहरु प्रस्तुत गरिएको छ ।

क. नीतिगत तहका लागि

१. स्रोतव्यक्तिहरुको योग्यताको मापदण्ड र नियुक्ति प्रकृयामा सुधारको व्यवस्था गर्नु पर्ने,

२. स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन सम्बन्धमा अनिवार्य रुपमा अनुगमन मुल्याङ्कन गर्नुका साथै राम्रो र नराम्रो कार्य वापत पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने,

३. विशुद्ध सुपरिवेक्षण नीति निर्माण गर्नुका साथै स्रोतव्यक्तिहरुलाई आवश्यक अधिकार प्रत्यायोजना गर्नुपर्ने,

४. स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन र विद्‌यालय सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने स्रोत सामग्रीहरुको नीतिगत रुपमै व्यवस्था गर्नुपर्ने,

ख. कार्यान्वयन तहका लागि

१. स्रोतव्यक्तिले स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु र विद्‌यालय निरीक्षण कार्य सञ्चालन गरिसकेपछि प्राप्त भएको यथार्थतालाई लिएर रायसुझाव सहित शिक्षा कार्यालयमा पेश गरेको निरीक्षण प्रतिवेदन कार्यान्वयन हुनुपर्ने,

२. शिक्षा कार्यालयले स्रोतव्यक्तिहरुलाई प्रशासनिक कार्यमा नलगाई विद्‌यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि विद्‌यालय निरीक्षण र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नमा उत्प्रेरित गर्नु पर्ने,

३. स्रोतव्यक्तिहरुको कामको अनुगमन मूल्याङ्कन गर्नुका साथै गरेको कार्यको आधारमा द(ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने,

४. स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन गर्दा प्र.अ. शिक्षक एवं समितिहरुलाई जिम्मेवारी बाँडफाड गर्नुका साथै उनीहरुको परामर्श लिएर मात्र कार्यक्रम छनोट र कार्यन्वयन गर्नु पर्ने ।

ग. अनुसन्धान तहबाट

मेरो यस शोध अध्ययन प्राथमिक विद्यालयहरुमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको अवस्था के कस्तो छ ? भन्ने कुराको सामान्य अध्ययन अनुसन्धान मात्र गरिएको हुँदा यस अध्ययनले स्रोतकेन्द्र र विद्यालय सम्वन्धी सम्पूर्ण गतिविधिहरुलाई प्रष्ट्याउन सक्दैन त्यसैले यस सँग सम्बन्धीत रहेर अवस्था पत्ता लगाउनका लागि आगामी अनुसन्धान कर्ताहरुले निम्न पक्षहरुको खोजी गर्नुपर्ने देखिन्छ।

१. स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन गर्दा स्रोतव्यक्तिहरुले सामना गर्नुपरेका समस्याहरुको खोजी गरिदिनुपर्ने ।

२. विद्यालहरुको माध्यमिक तहमा स्रोतकेन्द्रले पुऱ्याएको योगदान सम्बन्धी अध्ययन अनुसन्धान गरिदिनुपर्ने ।

३. विद्यालको शैक्षिक गुणस्तर सुधारमा स्रोतकेन्द्रहरुले पुऱ्याएको योगदानका अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरिदिनुपर्ने ।

# सन्दर्भ सूची

१.अर्याल, वैकुण्ठप्रसाद, यादवचन्द्र निरौला, सिताराम कोइराला *(२०६२)* *विद्यालय निरीक्षक प्रतियोगिता दिग्दर्शन,* काठमाण्डौः मकालु वुक्स एण्ड स्टेशनर्स, पुतलीसडक काठमाण्डौ ।

२.काफ्ले, वासुदेव, चन्द्रवहादुर श्रेष्ठ, रामस्वरुप सिन्हा (२०६०) *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाण्डौ ।

३. काफ्ले, वासुदेव (२०६०) *नेपालमा शैक्षिक सुधारका निम्ति निरीक्षकको भूमिका,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

४. काफ्ले, वासुदेव, मिनवहादुर विष्ट, रामस्वरुप सिन्हा र चन्द्रवहादुर श्रेष्ठ (२०६०) *शैक्षिक योजना,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौ ।

५. खनाल, पेशल (२०६०) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौः सनलाईट पब्लिकेशन (स्टुडेन्ट्स) किर्तीपुर काठमाण्डौ ।

६. घिमिरे, ईश्वर (२०६७) *स्रोतकेन्द्र प्रोफायल* : श्री हिमाद्री मा.वि. सेदुवा स्रोतकेन्द्र, खाँदबारी सङ्खुवासभा ।

७. ढकाल, विष्णु हरि (२०६७), रसुवा जिल्लाका *माध्यमिक विद्यालयहरुमा विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुको योगदान : एक अध्ययन शोधपत्र*

८. पौडेल, लेखनाथ *शैक्षिक प्रकृया र नेपालमा शिक्षा* काठमाण्डौः एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स भोटाहिटी, काठमाण्डौ ।

*९. विद्यालय निरीक्षण (स्रोत सामग्री),* काठमाण्डौः आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, केशरमहल, काठमाण्डौ

१०. शर्मा, चिरञ्जीवी र निर्मला शर्मा *शिक्षाका आधरहरु,काठमाण्डौ :* एम के पब्लिसर्स एण्ड डिष्टिव्युटर्स, भोटाहिटी, काठमाण्डौ ।

११. *शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५७ संसोधन सहित, काठमाण्डौः* मकालु वुक्स एण्ड स्टेशनर्स, पुतलीसडक, काठमाण्डौ ।

१२. शिक्षा तथा खेलकुद मन्त्रालय सन (२००३), *सवैका लागि शिक्षा (२००४-२००९)*

१३. *स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८,* काठमाण्डौ

# अनुसूची एक

## कक्षा अवलोकन फाराम

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : कक्षा :

विषय : समय :

| विवरण | अति उत्तम | प्रतिशत | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | न्यून | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| उद्देश्यको निर्माण | | | | | | | | |
| पाठको तयारी | | | | | | | | |
| विषयवस्तुको स्पष्टता | | | | | | | | |
| भाषिक शुद्धता | | | | | | | | |
| शै.सा.को निर्माण | | | | | | | | |
| शै.सा.को उपयुक्तता | | | | | | | | |
| पूर्व पाठमा आधारित | | | | | | | | |
| विद्यार्थीको सहभागिता | | | | | | | | |
| विद्यार्थी केन्द्रित | | | | | | | | |
| उदाहरणको प्रयोग | | | | | | | | |
| शिक्षक विद्यार्थी अन्तरक्रिया | | | | | | | | |
| प्रश्नोत्तरको प्रयोग | | | | | | | | |
| शिक्षण विधिको उपयुक्ता | | | | | | | | |
| कालोपाटीको प्रयोग | | | | | | | | |
| मुल्याङ्कन लिखित/मौखिक | | | | | | | | |
| एद्देश्य प्राप्ति | | | | | | | | |
| गृहकार्य | | | | | | | | |

स्रोत : स्थलगत अध्ययन

## अनुसूची दुई

## स्रोतव्यक्तिको लागि प्रश्नावली

१. तपाईले आफूलाई निर्दिष्ट गरिएका विद्यालयहरुमा वर्षमा कति पटक निरीक्षण गर्नुहुन्छ ?

(क) एक पटक (ख) दुई पटक (ग) तीन पटक (घ) एकिन हुदैन

२. निरीक्षण गर्नुहुन्छ भने कक्षा अवलोकन हुन्छ कि हुदैन ?

(ख) हुन्छ (ख) हुदैन

३. कक्षा अवलोकन गर्दा शिक्षकको मनस्थिति कस्तो हुन्छ ?

(क) सहयोगी (ख) असहयोगी (ग) त्रासपूर्ण

४. तपाईको स्रोतकेन्द्रमा स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु सञ्चालन भएका छन् ?

(क) छन् (ख) छैनन्

५. कार्यक्रम सञ्चालन गर्दा विद्यालयवाट विद्यार्थीहरु आउछन् कि आउदैनन् ?

(क) आउछन् (ख) आउदैनन् (ग) कमै मात्र

६. स्रोतकेन्द्र र विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नु भएको छ ?

..........................................................................................................

७. कक्षा अवलोकन पछिको पृष्ठपोषणले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव परेको छ ?

..........................................................................................................

.

८. अतिरिक्त कार्यक्रममा विद्यालय र विद्यार्थीले देखाएको सहभागिताप्रति तपाइ सन्तुष्ट हुनु हुन्छ ?

..........................................................................................................

९. स्रोतकेन्द्रस्तरीय कार्यक्रम सञ्चालन गर्दा के कस्ता समस्याहरु आइपर्दछन् ?

..........................................................................................................

.

१०. स्रोतकेन्द्रस्तरीय कार्यक्रमलाई प्रभावकारी वनाउन के-के गर्नुपर्ला ?

..........................................................................................................

# अनुसूची तीन

## प्र.अ.को लागि प्रश्नावली

नाम : शैक्षिक योग्यता :

विद्यालयको नाम : कार्यरत तह र श्रेणी :

पद :

१. तपाईको विद्यालयमा स्रोत व्यक्तिवाट निरीक्षण हुन्छ ?

(क) हुन्छ (ख) हुदैन

२. निरीक्षण हुन्छ भने वर्षमा कति पटक हुन्छ ?

(क) एक पटक (ख) दुई पटक (ग) तीन पटक (घ) तीन पटक भन्दा बढी

३. स्रोतव्यक्तिवाट निरीक्षण भएको भए कक्षा अवलोकन हुन्छ कि हुदैन ?

(क) हुन्छ (ख) हुदैन ।

४. कक्षा अवलोकन बाट शिक्षण किाइमा कस्ता असर परेको छ ?

(क) राम्रो सुधार भएको छ (ख) सुधार भएको छैन (ग) न्यून सुधार भएको छ ।

५. तपाईको विद्यालयमा स्रोतकेन्द्र स्तरीय कार्यक्रमहरु सञ्चालन भएका छन् ?

(क) छन् (ख) छैनन् ।

६. छन् भने कुन कुन कार्यक्रमहरु सञ्चालन भएका छन् ।

..........................................................................................................

७. तपाईको विचारमा कस्तो शैक्षिक योग्यता र अनुभव भएको व्यक्तिलाई स्रोतव्यक्तिको जिम्मा दिनुपर्छ होला ?

..........................................................................................................

८. अतिरिक्त क्रियाकलाप सञ्चालनमा स्रोतव्यक्तिले कस्तो भूमिका खेल्दछन् ?

..........................................................................................................

९. स्रोतकेन्द्रस्तरीय कार्यक्रम कार्यन्वयन गर्दा के कस्ता समस्याहरु देखिएका छन् ?

..........................................................................................................

१०. स्रोतकेन्द्रस्तरीय कार्यक्रमलाई प्रभावकारी वनाउन के के गर्नुपर्ला ?

..........................................................................................................

## अनुसूची चार

## शिक्षकको लागि प्रश्नावली

नाम : शैक्षिक योग्यता :

विद्यालयको नाम : कार्यरत तह र श्रेणी :

१. तपाईको विद्यालयमा स्रोतव्यक्तिबाट निरीक्षण हुन्छ ?

(क) हुन्छ (ख) हुदैन

२. हुन्छ भने वर्षमा कतिपटक हुन्छ ?

(क) एकपटक (ख) दुई पटक (ग) तीन पटक (घ) तीन पटक भन्दा बढी

३. स्रोतव्यक्तिवाट निरीक्षण हुने भए कक्षा अवलोकन हुन्छ कि हुदैन ?

(क) हुन्छ (ख) हुदैन

४. कक्षा अवलोकन गर्दा शिक्षकको मनस्थिति कस्ता हुन्छ ?

(क) सहयोगी (ख) असहयोगी (ग) त्रासपूर्ण

५. स्रोतकेन्द्र स्तरीय कार्यक्रम प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

(क) छु (ख) छैन

६. तपाईको विद्यालयमा के कस्ता स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरु सञ्चालन हुने गरका छन् ?

..................................................................................................................

७. कक्षा अवलोकन पछिको पृष्ठपोषणले विद्यार्थीको सिकाईमा कस्तो प्रभाव परेको छ ?

..................................................................................................................

८. अतिरिक्त कार्यक्रम अन्तर्गत कुन कुन कार्यक्रमहरु स्रोतकेन्द्रमा गराइने गरिएको छ ?

..................................................................................................................

९. स्रोतकेन्द्रस्तरीय कार्यक्रम प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ? हुनुहुन्न भने किन हुनुहुन्न ?

..................................................................................................................

१०. स्रोतकेन्द्रस्तरीय कार्यक्रमहरुलाई प्रभावकारी बनाउन के के गर्नुपर्ला ?

..................................................................................................................

## अनुसूची पाँच

## विद्यार्थीहरुको लागि प्रश्नावली

विद्याालयको नाम:

विद्यार्थीको नाम :

कक्षा :

१. तपाईको विद्यालयमा पढाई वाहेक अन्य कार्यक्रमहरु सञ्चालन हुन्छन कि हुदैन ?

(क) हुन्छन्                (ख) हुदैनन्

२. विद्यालयले मात्र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्छ कि स्रोतकेन्द्रले पनि गर्ने गरेको छ ?

(क) विद्यालयले मात्र                (ख) स्रोतकेन्द्रले मात्र

३. स्रोतकेन्द्रले रोखेको कार्यक्रममा भाग लिनु हुन्छ ?

(क) लिन्छु                (ख) लिन्न

४. विद्यालय छाडेर तपाई अन्य विद्यालयमा वा स्रोतकेन्द्रमा सञ्चालन हुने कार्यक्रममा भाग लिन जानुभएको छ ?

(क) गएको छु                (ख) गएको छैन

५. विद्यालयबाट सञ्चालित कार्यक्रम र स्रोतकेन्द्र बाट सञ्चालित कार्यक्रमहरु कुन रोचक लाग्यो ?

(क) विद्यालयबाट सञ्चालित

(ख) स्रोतकेन्द्रबाट सञ्चालित

६. तपाईको विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन हुन्छन् ?

..........................................................................................................

७. तपाईलाई सवैभन्दा वढी मनपर्ने अतिरिक्त कृयाकलाप कुन हो ?

..........................................................................................................

८. अतिरिक्त क्रियाकलाप कुन कुन समयमा सञ्चालन भइदियोस् जस्तो लाग्छ ?

..........................................................................................................

९. अतिरिक्त क्रियाकलापले तपाईको जीवनमा कस्तो प्रभाव पार्छ होला ?

..........................................................................................................

## अनुसूची-६

## स्रोतव्यक्तिको काम कर्तव्य र अधिकारहरु निम्नानुसार तोकिएको पाइन्छ ।

## (स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८)

- स्रोतव्यक्ति सामान्तयतया प्रशासनिक रुपमा जिल्ला शिक्षा अधिकारी प्रति कार्यक्रमगत रुपमा सम्बन्धित विद्यालय निरीक्षक, स्रोतकेन्द्र व्यवस्थापन समिति र समूह विद्यालय प्रति उत्तरदायी रहने,
- स्रोतव्यक्तिले स्रोतकेन्द्र र समूह विद्यालयहरुमा शिक्षक सहयोग सम्बन्धी प्राविधिक सहयोग र स्रोतकेन्द्र र समूह विद्यालयहरुमा शिक्षक सहयोग सम्बन्धी प्राविधिक सहयोग र स्रोतकेन्द्र स्तरमा क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने,
- शैक्षिक सेवा सुविधा एवंम् सूचनाहरु प्रवाह गर्ने गराउने,
- शैक्षिक कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्ने गराउने,
- शैक्षिक नीति निर्देशन पालन गर्ने गराउने,
- जिल्ला शिक्षा योजना गाउँ शिक्षा योजना र विद्यालय सुधार योजना निर्माण गर्न तथा सो को कार्यन्वयन सम्बन्धी कार्यमा प्राविधिक सहयोग उपलव्ध गराउने,
- स्रोतकेन्द्र भित्रका प्रत्येक विद्यालयहरुको वि.व्य.स. र शिक्षक अभिभावक संघको वैठकमा कम्तिमा २ पटक पर्यवेक्षकका रुपमा भाग लिने र आवश्यक सल्लाह सुझाब तथा सहयोगीको भूमिका निभाउने,
- स्रोतव्यक्तिले समूह विद्यालयको सुपरिवेक्षण, प्राविधिक सहयोग, शिक्षक सहयोग, शिक्षक सहयोग सम्बन्धी बार्षिक कार्यक्रम बनाई जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रमा राख्ने र कार्यक्रम अनुसार कार्य गर्ने, प्रतिवेदन दिने र सूचना प्रवाह गर्ने,
- स्वीकृत बार्षिक कार्यक्रम अनुसार मासिक तथा साप्ताहिक सहित जिल्ला शिक्षा अधिकारीबाट स्वीकृत गराउने र सो स्वीकृत कार्यक्रम स्रोतकेन्द्र  विद्यायको प्रधानाध्यापकलाई समेत दिने,
- स्रोतकेन्द्र भित्रका विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण सूचनाहरु अद्यावधिक गरी राख्ने् र आवश्यकता अनुसार जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने,

- स्रोतकेन्द्र अन्तरगत विद्यालयहरुको विद्यालय सुधार योजना निर्माण, समाजिक परिक्षण र सो सम्बन्धी प्रतिवेदन सम्प्रेषण गर्ने, गर्न लगाउने
- स्रोतव्यक्तिले स्रोतकेन्द्रभित्र शैक्षिक उन्नयन तथा सुधारका लागि स्रोतकेन्द्रका समूह विद्यालयहरुको सहयोग तथा सहकार्यमा आवश्यकताअनुसार अनुसन्धानात्मक, रचनात्मक, सहयोगात्मक र सुरक्षात्मक कार्यहरु सञ्चालन गर्ने गराउने,
- शिक्षा नियमावली तथा शिक्षक सेवा आयोग नियमावलीले स्रोतव्यक्तिले गर्न तोकिएको कार्य गर्ने ।

सिकाइ उपलब्धि सम्बन्धी निम्न अनुसारका कार्यहरु गर्ने :

- शैक्षिक शत्र शुरु भएको १ महिना भित्र विद्यालयगत रुपमा गत शैक्षिक सत्रको कक्षा १ देखि १० सम्मका परीक्षाफलको नतिजा विश्लेषण गर्ने,
- प्रत्येक वर्षको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण र प्रदर्शन गर्ने,
- सम्पूर्ण नतिजको विश्लेषण पश्चात स्रोतकेन्द्र प्रधानाध्यापक वैठकमा छलफल गराई सुधारका उपायहरुको खोजी गर्ने,
- सिकाईउपलब्धि बृद्धिहुने क्रियाकलापहरुको बारेमा स्रोतकेन्द्र बैठकमा छलफल गरी योजना बनाउने,
- स्रोतकेन्द्र अन्तरगतका विद्यालयहलाई विद्यालयगत सिकाइ उपलब्धि बृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनको सारांश बनाई जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने,
- विद्यालयले निर्माण गरेको योजना कार्यन्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

कक्षा अवलोकन सम्बन्धी निम्न अनुसारका कार्य गर्ने :

- १ महिनामा कम्तिमा १० वटा विद्यालयको निरीक्षण गर्ने,

- निरीक्षण गरिएको विद्यालयमा कम्तिमा २ वटा नमुना पाठ प्रदर्शन गरी सम्बन्धित शिक्षकसँग अन्तरक्रियाका साथै पृष्ठपोषण गर्ने,
- अर्को पटक कक्षा अवलोकन गर्दा अगाडि दिएको निर्देशन र पृष्ठपोषण कार्यन्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग समेत छलफल गर्ने,
- विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन, पृष्ठपोषणको अभिलेखीकरण गरी जिल्ला शिक्षा कार्यालयलाई समेत जानकारी गराउने,
- विद्यालय विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

तालिम सञ्चालन र व्यवस्थापन सम्बन्धी निम्नानुसारका कार्य गर्ने :

- शिक्षकको पेशागत विकास Teacher professional Development (TPD) को कार्यन्वयनका सम्बन्धमा शिक्षक पेशागत विकासको माग संकलन, प्रवोधिकरण र तालिम सामग्री निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने,
- रोष्टर प्रशिक्षक छनौट  गरी तालिम सञ्चालन मा सहयोग गर्ने,
- Teacher professional Development (TPD) कार्यक्रमको Instrutional councelling चरण अन्तर्गत र अन्य समयमा समेत तालिम प्राप्त शिक्षकहरुको सुपरिवेक्षण सेवा र पेशागत सहयोग उपलव्ध गराउने,
- प्राविधिक सहयोगका लागि शैक्षिक तालिम केन्द्र र अगुवा स्रोतकेन्द्रसँग सम्पर्क र समन्वय गर्ने,
- शैक्षिक तालिम केन्द्रको सहकार्य र स मन्वयमा शिक्षण सिकाई शैक्षिक ग’णस्तर र पेशागत विकास सम्बन्धमा कार्यमूलक अनुसन्धान, घटना अध्ययन आदि सञ्चालन गर्ने र प्रवोधिकरण गर्ने,
- सम्बन्धित जिल्ला शिक्षा अधिकारी, कार्यक्रम अधिकृत र विद्यालय निरीक्षकले तोके बमोजिमका कार्य तथा स्रोतकेन्द्र व्यवस्थापन समितिको निर्णय अनुसार अन्य कार्य गर्ने,

परीशिष्ट (ख)

## स्रोत केन्द्र र स्रोतव्यक्तिको विवरण

| सि.नं. | स्रोतकेन्द्रको नाम | स्रोतव्यक्तिको नाम | योग्यता |
|---|---|---|---|
| १. | श्री हिमालय उ.मा.वि.अगुवा स्रोतकेन्द्र | योगराज गाउँले | वि.एड. |
| २. | श्री जनता उ.मा.वि. चन्दनपुर स्रोतकेन्द्र | चोलानाथ ढुंगाना | वि.एड. |
| ३. | श्री हेमाद्री मा.वि. सेदुवा स्रोतकेन्द्र | इश्वार घिमिरे | वि.एड. |

## परीशिष्ट (ग)

## प्रधानाध्यापक विवरण

| सि.नं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | योग्यता |
|---|---|---|---|
| १. | श्री हिमालय उ.मा.वि.खाँदबारी | विश्वकुमार बज्राचार्य | वि.एड. |
| २. | श्री वागिश्वरी उ.मा.वि. ढुंगेधारा | गोपालप्रसाद निरौला | एम.ए. |
| ३. | जलपा मा.वि.दिदिङ्ग | नुतन प्रसाद राई | एम.ए. |
| ४. | श्री जनता उ.मा.वि. चन्दनपुर स्रोतकेन्द्र | तारालाल राई | वि.एड. |
| ५. | श्री हेमाद्री मा.वि. सेदुवा स्रोतकेन्द्र | नेत्रप्रसाद खनाल | आई.ए. |
| ६. | श्री सिंहेश्वरी मा.वि. नुम | रामकुमार राई | आइ.ए. |

## परीशिष्ट (घ)

## शिक्षक विवरण

| सि.नं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | योग्यता |
|---|---|---|---|
| १. | श्री शितला प्रा.वि. अर्चले | भवानी भट्टराई | आई.ए. |
| २. | भिरेश्वर प्रा.वि. खोरण्डे | सेरबहादुर पराजुली | एस.एल.सी. |
| ३. | चन्द्रोदय प्रा.वि. ढुंगेविसौना | गजेन्द्रबहादुर थापा | एस.एल.सी. |
| ४. | लोकतन्त्र प्रा.वि. रातमाटे | तारनाथ पोखेल | वि.एड. |
| ५. | विकास प्रा.वि. फकादाम | चन्द्र निरौला | आई.एड. |
| ६. | सरस्वती प्रा.वि. हेलुवा | मनबहादुर भुजेल | एस.एल.सी. |
| ७. | पञ्चकन्या प्रा.वि. कास्मीरे | राजन कुमार थापा | एस.एल.सी. |
| ८. | मनकामना प्रा.वि.कात्तिके | रामकुमार थापा | एस.एल.सी. |

| | | | |
|---|---|---|---|
| ९. | महादेव प्रा.वि. कटुवाल डाँडा | सवनम कटुवाल | एस.एल.सी. |
| १०. | वलसुधा प्रा.वि.फोकताक | पुष्पबहादुर तामाङ्ग | वि.एड. |
| ११. | बालबालिका प्रा.वि. सोलाखानी | भिमप्रसाद खनाल | एस.एल.सी. |
| १२. | रानीढुंगा प्रा.वि. मुढे | यमप्रसाद दहाल | वि.एड. |